# 'मुना' (मासिक बाल प्रकाशन)मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण

त्रिभुवन विश्व विद्यालय, सप्त गण्डकी बहुमुखी क्याम्पस,
नेपाली भाषा शिक्षा विभाग, भरतपुर, चितवन
स्नातकोत्तर तह द्वितीय वर्षको
नेपा.शि. ५९८ को प्रयोजनार्थ
प्रस्तुत

## शोध पत्र


**शोधार्थी**

सरोज दवाडी

त्रि.वि. दर्ता नं. ९-२-२४०-३८९-२००५
क्याम्पस रोल नं. १४४/०६५
दोस्रो वर्षको परीक्षा क्रमाङ्क: २४००१३५



**नेपाली भाषा शिक्षा विभाग**
**सप्त गण्डकी बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन,**
**वि.स.२०६९ (सन् २०१२)।**

## सप्त गण्डकी बहुमुखी क्याम्पस
## शिक्षा शास्त्र सङ्काय
## नेपाली भाषा शिक्षा विभाग

# निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'मुना' (मासिक बाल प्रकाशन)मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण** शीर्षकको शोध पत्र शोधार्थी **सरोज दवाडी**ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले यस शोध पत्र तयार गर्न निकै परिश्रम गर्नु भएको छ । यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु । अतः यस शोध पत्रलाई आवश्यक मूल्याङ्कनको लागि नेपाली भाषा शिक्षा विभाग, सप्त गण्डकी बहुमुखी क्याम्पस समक्ष सिफरिस गर्दछु ।

शोध निर्देशक

........................

सह प्रा. भवनाथ सडौला
नेपाली भाषा शिक्षा विभाग
शिक्षा शास्त्र सङ्काय
सप्त गण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मितिः २०६९/०४/२२
(सन्. ०६ अगष्ट २०१२)

# कृतज्ञता ज्ञापन

**'मुना (मासिक बाल प्रकाशन)मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण'** शीर्षकको प्रस्तुत शोध पत्र त्रि.वि. अन्तर्गत शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

सर्व प्रथम यस शोध पत्रलाई तयार गर्न मेरो समस्यालाई कहिल्यै बोझ र झन्झटका रूपमा नलिई हरतरहले सहयोग गर्नु हुने शोध निर्देशक आदरणीय गुरु भवनाथ सडौलाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै विभागीय प्रमुख पूर्ण बहादुर अधिकारीप्रति पनि कृतज्ञ छु । यस शोधको शीर्षक चयनदेखि शोध पत्र तयार गर्दासम्म सल्लाह सुझाव दिनु हुने विभागीय गुरूहरू विष्णु प्रसाद सापकोटा, रमेश प्रभात र विन्दु पौडेलप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोध पत्र तयारीका क्रममा आवश्यक सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउने सप्त गण्डकी बहुमुखी क्याम्पसको पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, शिक्षा शास्त्र सङ्काय पुस्तकालय र गोरखा पत्र संस्थानप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोध पत्र तयार पार्दासम्म अमूल्य समय, श्रम, माया र अर्थले सहयोग पुऱ्याउनु हुने मेरो प्रेरणाका स्रोत पुजनीय बुबा मार्कण्ड राज दवाडी, आमा मीरा दवाडी प्रति जन्म जन्मान्तर ऋणी रहन्छु । मलाई शोध पत्र तयार पार्दाको अन्तिम गन्तव्यसम्म तन र मनले सहयोग गर्ने मा अञ्जना (झरना), स्वामी सुनिल भारतीलाई सदैव हृदयभरि राखिरहने छु, साथ-साथै यस समयमा गुरू ओशो र स्वामी ज्ञान शाहिललाई पनि सम्झन चाहन्छु ।

त्यस्तै मलाई सधैं चाँडै शोध पत्र तयार गर्न झक्झक्याउनु हुने भिनाजु नारायण अधिकारी, दिदी सिर्जना अधिकारी, बहिनी सुधा दवाडी, भान्जा-भान्जीहरू अभिनव अधिकारी, दीक्षा अधिकारी, समीक्षा अधिकारी, साथीहरू रेखा काफ्ले र रामु कार्की र भाइ सुजन मरहट्ठाप्रति सदैव आभारी छु ।

अन्त्यमा, झन्झट नमानी सफा, शुद्ध टङ्कन गरि दिने आत्मीय दाजु गौतम मैनालीप्रति समेत धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष यो शोध पत्र पेश गर्दछु ।

शोधार्थी

सरोज दवाडी

# विषय सूची

परिच्छेद-एक

शोध परिचय २

१.१. शोध शीर्षक २

१.२. शोध प्रयोजन २

१.३. समस्या कथन २

१.४. शोधको उद्देश्य ३

१.५. पूर्व कार्यको समीक्षा ३

१.६. अध्ययनको औचित्य ६

१.७. शोध विधि ८

१.८. शोधको सीमाङ्कन ८

१.९. अध्ययनको रूपरेखा ९

परिच्छेद–दुई

सैद्धान्तिक परिचय १०

२.१. बाल कथाको सैद्धान्तिक परिचय १०

२.१.१. बाल साहित्यको परिचय १०

२.१.२. बाल साहित्यको स्वरूप ११

२.१.३. बाल कथाको परिचय १२

२.१.४. बाल साहित्यमा कथा विधाको महत्त्व १३

२.१.५. नेपाली बाल कथाको विकास क्रम १४

२.१.६. बाल कथाको विषयगत वर्गीकरण १७

२.१.७. बाल कथाका तत्त्वहरू २१

२.१.८. आयु वर्गका आधारमा बाल कथा २६

२.१.९. पाठ्य पुस्तकीय बाल कथा र पाठ्य पुस्तकेतर बाल कथा २८

२.१.१०. बाल भाषाको परिचय ३०
२.१.११. बाल कथाको भाषा ३१
२.२. शब्द भण्डारको सैद्धान्तिक परिचय ३२
२.२.१. शब्द परिचय ३२
२.२.२. शब्दको वर्गीकरण ३३
२.२.२.१. स्रोतको आधारमा शब्दको वर्गीकरण ३३
२.२.२.२. कार्यको आधारमा शब्दको वर्गीकरण ३४
२.२.३. बाल कथामा शब्द भण्डारको महत्त्व ३९

परिच्छेद-तिन

'मुना' बाल पत्रिकामा प्रकाशित बाल कथाको स्वरूपगत विश्लेषण ४१
३.१. सन्दर्भ ४१
३.१.१. कथानक ४२
३.१.२. पात्र ५९
३.१.३. परिवेश ६२
३.१.४. उद्देश्य ६५
३.१.५. संवाद ७२
३.१.६. भाषा शैली ७६
३.१.७. चित्र र रङ्गको व्यवस्थापन ८२

परिच्छेद–चार

"मुना" बाल पत्रिकामा प्रकाशित बाल कथाको विषयगत वर्गीकरण ८८
४.१. बाल कथाको विषयगत वर्गीकरण ८८
४.१.१. 'मुना' बाल पत्रिकामा प्रकाशित बाल लोक कथाहरू ८९
४.१.२. 'मुना' बाल पत्रिकामा प्रकाशित मौलिक बाल कथाहरू ९०
४.१.३. 'मुना' बाल पत्रिकामा प्रकाशित अनुदित बाल कथाहरू ९३
४.१.४. 'मुना' बाल पत्रिकामा प्रकाशित बाल चित्र कथाहरू ९४

४.१.५. 'मुना' बाल पत्रिकामा प्रकाशित बाल विज्ञान कथाहरू ९६

परिच्छेद–पाँच

'मुना'मा प्रकाशित कथाहरूको शब्द भण्डारगत विश्लेषण ९८

५.१. पद वर्गको आधारमा बाल कथाको विश्लेषण ९८

५.१.१. 'रमाको औंठी' (बैशाख अङ्क) कथामा प्रयुक्त शब्द भण्डार ९८

५.१.२. 'मनचिन्ते रूख' (जेठ अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १००

५.१.३. 'बाह्रो बर्डिवा' (असार अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १०२

५.१.४. 'शीर्षक के हो ?'(साउन अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १०५

५.१.५. 'शीर्षक के हो ?' (भदौ अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १०६

५.१.६. 'भविष्यवाणी' (असोज अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १०८

५.१.७. 'अभिभावकको कर्तव्य' (कात्तिक अङ्क) कथामा प्रयुक्त शब्द भण्डार ११०

५.१.८. 'रङ्गीन माछा' (मंसिर अङ्क) कथामा प्रयुक्त शब्द भण्डार ११३

५.१.९. 'रोशन मुसुक्क हाँस्यो' (पुस अङ्क) कथामा प्रयुक्त शब्द भण्डार ११६

५.१.१०. 'आशिर्वाद' (माघ अङ्क) कथामा प्रयुक्त शब्द भण्डार ११८

५.१.११. 'शीर्षक के हो ?' (फागुन अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १२०

५.१.१२. 'बुधवा बन्यो बाल साहित्यकार' (चैत अङ्क) कथामा प्रयुक्त शब्द भण्डार १२२

परिच्छेद–छ

निष्कर्ष र सुझाव १२५

६.१. निष्कर्ष १२५

६.२. सुझावहरू १२८

६.३. संभावित शोध शीर्षकहरू १३०

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| आ.दी. | - | आचार्य दीक्षित |
| उप प्रा. | - | उप प्राध्यापक |
| डा. | - | डाक्टर |
| नेपा.शि. | - | नेपाली शिक्षा |
| ने.भा.शि.वि. | - | नेपाली भाषा शिक्षा विभाग |
| नं. | - | नम्बर |
| प्रा. लि. | - | प्राइभेट लिमिटेड |
| वि.सं. | - | विक्रम संवत |
| सह प्रा. | - | सह प्राध्यापक |
| सं. | - | संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्व विद्यालय |

# परिच्छेद–एक

## शोध परिचय

### १.१. शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **'मुना (मासिक बाल प्रकाशन)मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण'** रहेको छ ।

### १.२. शोध प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय सप्त गण्डकी बहु मुखी क्याम्पस, चितवन, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली शिक्षा विषय ( नेपा-शि. ५९८) पाठ्यांश प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३. समस्या कथन

**"बाल साहित्य"** शब्द एक तत्सम शब्द हो । **'बाल'** र **'साहित्य'** शब्दको योगबाट बाल साहित्य शब्द निर्मित छ । यसबाट नै साहित्य बाल बालिकाहरूसँग सम्बन्धित छ भन्ने बुझिन्छ । **'बाल'** भन्नाले बाल बालिकालाई बुझाउँछ भने **'साहित्य'** शब्दले मानिसको आन्तर्निहित सिर्जन शील क्षमतालाई दर्शाउँछ । यसरी सामान्यतः बाल साहित्य भन्नाले बाल बालिकाका लागि उपयोगी सामग्री वा उनीहरूका लागि लेखिने र उनीहरूले लेख्ने कुनै साहित्यिक रचना बुझिन्छ । बाल साहित्यका विविध शब्दहरूमध्ये बाल कथा पनि बालकको सम्पूर्ण पक्षहरूलाई ख्याल गरी रचना गरिन्छ ।

नेपालमा प्राथमिक तहमा बाल कथाको पठन पाठन हुने गरेको छ । यसरी विद्यालय तहमा पाठ्य पुस्तकमा समाविष्ट कथाहरू नै बाल बालिकाको सम्पूर्ण पक्षको विकासमा सहयोग नगर्ने हुनाले थप पाठ्य पुस्तकइतर सामग्रीको खाँचो पर्दछ । यसरी बालकको चौतर्फी विकासका निम्ति विभिन्न प्रकाशकहरूले  बाल पत्रिका प्रकाशन गरेको पाइन्छ । त्यसमध्ये २०४७ सालदेखि **'मुना'** बाल साहित्यिक पत्रिका प्रकाशित छ । यसले गर्दा कोही अभिभावकहरू आफ्ना सन्तान (बाल बालिका)को सवाङ्गीण विकास गराउन **'मुना'** बाल पत्रिकाको नियमित ग्राहक बनेको पनि पाइन्छ भने कोही बाल बालिका भने स्वयम् पढ्न जागृत र उत्प्रेरित देखिन्छन् ।

**'मुना'** बाल मासिक पत्रिका नितान्त बाल उपयोगी सामग्री हो । बालकको शारीरिक, मानसिक र संवेगात्मक पक्षलाई ख्याल गरी विविध साहित्यिक रचना गरी **'मुना'** मा प्रकाशन गरिन्छ तापनि बालकको यो सम्पूर्ण (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक आदि) पक्षलाई मध्य नजर गर्दै के निर्माण गरिएको छ त? ती साहित्यिक रचनाहरूमा पनि अझ बाल कथाहरू बाल उपयोगी छन् ? ती कथाहरूले बाल कथालाई असत् मार्गमा नलगी सत् मार्गमा लैजान्छन् ? जस्ता यावत् कुरालाई लिएर एउटा शोध पत्र तयार पारिएको छ ।

यसैले यस शोध शीर्षक **'मुना (मासिक बाल प्रकाशन)मा प्रकाशित बालकथाको अध्ययन एवं विश्लेषण'**मा निम्न लिखित समस्याहरू रहेका छन्ः–

- **'मुना'** बाल मासिक पत्रिकामा प्रकाशित बाल कथाको स्वरूप कस्तो छ ?
- विषयगत दृष्टिले ती बाल कथा के कस्ता छन् ?
- बाल कथाहरू शब्द भण्डारका दृष्टिले उपयोगी छन् ?

## १.४. शोधको उद्देश्य

प्रस्तुत **'मुना (मासिक बाल प्रकाशन)मा प्रकाशित बालकथाको अध्ययन एवं विश्लेषण'** शीर्षकको शोध पत्रको उद्देश्यहरू निम्न लिखित रहेका छन्ः–

- बाल कथाको स्वरूप पत्ता लगाउनु,
- बाल कथाको विषयगत वर्गीकरण र विश्लेषण गर्नु र
- बाल कथाको शब्द भण्डारगत विश्लेषण गर्नु ।

## १.५. पूर्व कार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइ सकेका अनुसन्धानहरूको अध्ययन आवश्यक छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्य मूलक बनाई सही मार्गमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको विशेष महत्त्व हुन्छ । पूर्व कार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए/नभएको बारेमा जानकारी हुन्छ ।

पाठ्य पुस्तक सम्बद्ध विधाहरूको विश्लेषण तिनको अध्ययन अनुसन्धान हुने क्रमको सुरूआत भई सकेको भए तापनि अतिरिक्त ज्ञान र सीपको स्रोत ठानिने बाल पत्रिका सम्बद्ध

विधाहरूको अध्ययन अनुसन्धान कम भएको पाइन्छ । बाल साहित्यको अध्ययनमा बाल कथाको स्वरूपको दृष्टिले पनि बाल कथालाई हेर्ने र शब्द भण्डारका दृष्टिले समेत विश्लेषण अध्ययन गर्ने कार्य नभएको र सामान्यतः बाल साहित्यमा मात्र केही विश्लेषण भएको भेट्टाउन सकिन्छ ।

क) **चूडा मणि बन्धु** प्रधान सम्पादक रहेको **बाल साहित्य** (२०४९) पत्रिका बन्धु स्वयम्ले नै **"समाजमा बाल साहित्यको भूमिका"** (लेख)मा बाल साहित्यको महत्त्व माथि प्रकाश पारेका छन् ।

ख) **जनक प्रसाद हुमागाईले "नेपालमा बाल साहित्यको स्थिति"** (लेख)मा नेपाली बाल साहित्यको प्रारम्भ र विकास क्रम सहित बाल शिक्षाको उद्देश्यबारे चर्चा गरेका छन् ।

ग) **रञ्जु श्री पराजुली**ले **सुनकोसी** पत्रिकामा **नेपाली बाल कथाको विकास क्रम** (२०५३) लेखमा नेपाली बाल कथाको विकास क्रम र प्रवृत्तिहरू देखाएकी छन् र त्यसमा मुख्य मुख्य उपलब्धिहरू समेत औंल्याइएको पाइन्छ ।

घ) **जनक प्रसाद हुमागाई**ले **नेपाली बाल साहित्य** (२०५६)मा बाल साहित्यको चिनारी, केही बाल साहित्यकार र बाल पत्रिकाहरूका अवस्था देखाइएको छ । नेपालमा बाल साहित्यको समस्या र समाधानका पक्षहरू समेत वर्णन गरिएको छ ।

ङ) **वेद प्रसाद अर्याल**ले **कक्षा ५ को मेरो नेपाली भाषा पाठ्य पुस्तकमा कथाहरूको विश्लेषणात्मक अध्ययन** (२०५६) नामक शोध पत्रमा बालकको स्तर र क्षमता अनुसार कथालाई सामान्य रूपमा हेरेको पाइन्छ ।

च) **अच्युत शरण अर्याल**ले **नेपाली बाल साहित्यको अध्ययन** (२०५८) विद्यावारिधिका निम्ति तयार पारिएको शोध पत्रमा बाल साहित्यको परिचय, स्वरूप, प्रवृत्ति र बाल साहित्यकारका उपलब्धि र प्रवृत्तिहरू औंल्याइएको छ साथ साथै बाल साहित्यमा देखिएका चुनौती र अवसरहरू अनि समस्या समाधानका लागि सुझाउ समेत पेश गरिएको छ ।

छ) **शान्त दास मानन्धर**ले **हाम्रा बाल बालिका र बाल साहित्य** (२०४९) कृतिमा बाल साहित्यको अवस्था र स्थिति स्वभावको चर्चाका साथै बाल साहित्यको महत्त्व र समस्या सहित सुझाउ पनि दिएका छन् ।

ज) **प्रेम नाथ तिवारी**ले **नेपाली बाल कथाको अध्ययन** (२०६०) शीर्षक स्नातकोत्तर तहको शोध पत्रमा केही बाल कथालाई आधार मानी प्रतिनिधि बाल कथाहरूको विश्लेषण गरेका छन् । बाल कथाकारहरूको बाल कथाकारीय प्रवृत्तिहरू केलाएका छन् ।

झ) **कृष्ण प्रसाद गौतम**ले **प्राथमिक विद्यालय तहमा समाविष्ट बाल कथाहरूको अध्ययन विश्लेषण** (२०६१) शोध पत्रमा प्राथमिक तहका पाठ्य पुस्तकको कथाहरूको विषय वस्तुगत छनोट र स्तरणको आधारमा विश्लेषण गरेका छन् ।

ञ) **जीवेन्द्र देव गिरी**ले **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (२०६१) मा बाल पत्रिकाको विवेचना सहित समस्या र सुझाउ पेश गरेका छन् । बाल पत्रिका र बाल साहित्यको सम्बन्ध देखाई बाल पत्रिकाको बाल साहित्यमा विधागत योगदानको समेत चर्चा भेटिन्छ ।

ट) **राम चन्द्र लम्साल** र **अच्युत शरण अर्याल** द्वारा सम्पादित कृति **नेपाली बाल साहित्यकार कोश** (२०६१)मा नेपाली बाल साहित्यको विकास क्रम सहित दुई सय बाल साहित्यकारहरूको कृति र मुख्य प्रवृत्ति देखाइएको छ ।

ठ) **लक्ष्मी प्रसाद आचार्य**ले **मुना बाल पत्रिकामा समाविष्ट बाल कथाहरूको अध्ययन, विश्लेषण** (२०६१) नामक स्नातोकत्तर तहको अप्रकाशित शोध पत्रमा भाषा शिक्षणमा बाल कथाको प्रयोजन दर्शाउँदै विषय वस्तु र भाषिक पक्षले कथाको विश्लेषण गरेका छन् ।

ड) **प्रमोद प्रधान**ले **नेपाली बाल साहित्यको इतिहास** (२०६१)मा बाल साहित्यको परिचय रूप रेखा सहित केही बाल साहित्यकारको परिचय र तात्कालीन बाल साहित्यको अवस्थाबारे चर्चा परिचर्चा गरेको पाइन्छ ।

ढ) **मनोज प्रसाद खनाल**ले **बाल साहित्यकार शारदा रमण नेपालको जीवनी, कृतितत्व र बाल साहित्यिक कृतितत्वको अध्ययन** (२०६२) अप्रकाशित स्नातकोत्तर तहको शोध पत्रमा बाल साहित्यको परिचय र शारदा रमणको बाल साहित्यिक कृतितत्वबारे विश्लेषण गरेका छन् ।

ण) **राम पौडेल**ले **आधुनिक नेपाली कथामा बाल मनो विज्ञान** (२०६३)मा बाल कथाको विकास क्रम सहित बाल पात्रको संवेग, बालक र यथार्थ सिद्धान्त आदि विश्लेषण गरेका छन् ।

त) **अम्बिका कुमारी मैनाली**ले **कोपिला बाल पत्रिकामा प्रकाशित बाल कथाहरूको अध्ययन विश्लेषण** (२०६४) नामक स्नातकोत्तर तहको शोध पत्रमा बाल कथाको विश्लेषण गरेका छन् ।

थ) **विनु अधिकार**को **कोपिला साहित्यिक बाल पत्रिकामा प्रयुक्त बाल कथाहरूको अध्ययन, विश्लेषण** (२०६७) नामक स्नातकोत्तर तहको अप्रकाशित शोधमा बालकको छनोट र स्तरणको आधारमा कथाहरूको उपयुक्तता विश्लेषण गरिएको छ ।

द) **भरत कुमार बस्नेत**ले **मुना मासिक बाल पत्रिकामा समाविष्ट कविताहरूको अध्ययन विश्लेषण** (२०६७) शोध पत्रमा मुना पत्रिकामा रहेका कविताको भाषिक र संरचनात्मक विश्लेषण सहित भाषा शिक्षणका दृष्टिले उपयोगिताका बारे विश्लेषण गरेका छन् ।

ध) **भगवती रिजाल**को **कक्षा ४ को मेरो नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन** (२०६८) शोध पत्रमा शब्द वर्ग संरचना, स्रोत र विषयगत आधारमा शब्द भण्डारको विश्लेषण गरिएको छ ।

यसरी उपर्युक्त जति पनि प्रकाशित अप्रकाशित खोज र अनुसन्धानहरू भए ती सबैले बाल साहित्यको चर्चा परिचर्चा गरेका छन् । नेपालमा बाल साहित्यको स्थिति, अवस्था, समस्या दिई सुझाउ समेत पेश गरेका छन् । बाल साहित्यकारको उपलब्धिहरू र प्रवृत्तिहरू माथि समेत अध्ययन विश्लेषण भएको देखिन्छ तर पनि बाल कथाको क्षेत्रमा सूक्ष्म अध्ययन-विश्लेषणको कमी नै रहेको पाइन्छ । त्यसमा पनि अति लोक प्रिय बाल पत्रिका **'मुना'** मा केन्द्रित रहेर अध्ययन अनुसन्धान हुनै सकेको छैन । २०६१ सालमा **लक्ष्मी प्रसाद आचार्य**ले स्नातकोत्तर शोधपत्र प्रयोजनार्थ अनुसन्धान गरे पनि  नौ वर्षको अन्तरमा बाल कथामा निकै भिन्नता देख्न सकिन्छ । अतः हाल प्रकाशित मुनामा प्रयुक्त बाल कथाको अध्ययन गर्नु उपयुक्त र आवश्यक पनि ठानिन्छ ।

## १.६. अध्ययनको औचित्य

बाल साहित्यको सम्बन्ध वयस्कसँग भन्दा पनि नितान्त बाल बालिकासँग हुन्छ, जसको उद्देश्य बाल उपयोगी नै हुनु पर्दछ । बाल बालिकाले मन पराउने, उनीहरूको मस्तिष्कले पचाउन सक्ने र दिक्क नमानीकन पढ्न खोज्ने भाषा शैलीको प्रयोग गरेर उनीहरूलाई प्रत्यक्ष रूपमा मनोरञ्जन र अप्रत्यक्ष रूपमा ज्ञान र उपदेश दिनु नै बाल साहित्य लेखनको उद्देश्य हो ।

बाल मनोविज्ञानले बाल उमेरलाई सम्पूर्ण जीवनकै आधार-स्तम्भको रूपमा मानेको हुन्छ । एउटा व्यक्ति भविष्यमा के-कस्तो हुने भन्ने कुराको निर्धारण उसले बाल उमेरमा पाएको उचित वातावरण, शिक्षा, उत्प्रेरणामा भर पर्दछ । यसैले बाल बालिकाहरूलाई पाठ्य पुस्तकीय ज्ञानको सीमित घेराभित्र मात्र कैद नगरी पूरक सामग्रीका रूपमा बाल साहित्यिक पत्र पत्रिकाहरू पढ्न प्रेरित गर्नु पर्ने हुन्छ ।

बाल बालिकाहरू साहित्यिक विधाहरू मध्ये कथा विधामा विशेष रुचि राख्दछन् । त्यही कथामा प्रयुक्त घटना, पात्र, परिवेशलाई खोतल्दै जाँदा बाल बालिकाहरू नैतिक, चारित्रिक र व्यवहारिक बन्न पुग्दछन् । उक्त रचना बालकको रुचि, उमेर आवश्यकता अनुरूप लेखिने हुँदा चाहेको विचार ज्ञान सम्प्रेषण गर्न कथाहरूको भूमिका महत्त्वपूर्ण रहन्छ ।

हाम्रो देशका विद्यालयमा सिकाइको प्रमुख माध्यम तहगत पाठ्य पुस्तक मात्र मानिन्छ । विद्यार्थीले पढ्नु भनेको सम्बन्धित तहको पाठ्य पुस्तक पढ्नु भन्ने बुझिन्छ अपितु आज भोलि अभिभावकमा थप ज्ञान दिन अतिरिक्त पत्र पत्रिका र अन्य शैक्षिक सामग्रीको व्यवस्था गरिदिने प्रचलन बढेको छ।

अतः अतिरिक्त शैक्षिक सामग्रीको आवश्यकता र चाहना शैक्षिक सरोकार वालासँग बढ्दै गएको बेलामा **'मुना'** जस्तो पत्रिकाको योगदान महत्त्वपूर्ण ठहरिन्छ । **'मुना'** पत्रिकामा हुने विविध साहित्यिक लेखहरूले बाल बालिकाहरूमा थप नयाँ ज्ञान, उर्जा र उत्प्रेरणा जगाउँछ । यसैले **'मुना'** पत्रिकामा समाविष्ट बाल कथाहरूको विश्लेषण र विवेचनाले सम्बन्धित पक्षलाई जानकारी सहित सचेत रहन उत्प्रेरित गर्दछ ।

विभिन्न अनुसन्धाताहरू द्वारा **'मुना'** बाल पत्रिकामा विभिन्न दृष्टिकोणबाट अनुसन्धान-विश्लेषण भएको पाइन्छ तापनि यस **'मुना'** बाल पत्रिकामा प्रकाशित बाल कथाका बारेमा छिट पुट अनुसन्धान-विश्लेषण भए तापनि **'मुना'** बाल पत्रिकामा प्रकाशित बाल कथाहरूको स्वरूप, विषयगत वर्गीकरण र शब्द भण्डारगत विश्लेषणका बारेमा कसैबाट यस प्रकारको खोज अनुसन्धान नभएकाले यस शोधको औचित्य स्वतः प्रष्ट हुन आउँछ ।

## १.७. शोध विधि

(क) **सैद्धान्तिक अध्ययन विश्लेषण प्रक्रियाः** प्राप्त सूचनालाई निर्माण गरिने सैद्धान्तिक अवधारणा अनुरूप विश्लेषण गरिएको छ । बाल कथाको स्वरूप, विषयगत वर्गीकरण र शब्द भण्डारगत आधारमा सकेसम्म सूक्ष्म अध्ययन विश्लेषण गरिएको छ । तथ्य विश्लेषणका क्रममा आवश्यकता हेरी पुस्तकालयीय विधि र खोज अनुसन्धान विधि पनि उपयोगमा ल्याइएको छ ।

**'मुना (मासिक बाल प्रकाशन)मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण'** शीर्षकको यस शोध पत्रमा बाल साहित्य अन्तर्गत बाल कथाको विश्लेषण गरिएको छ । बाल कथाहरूलाई स्वरूपका आधारमा, विषयगत वर्गीकरणका आधारमा र शब्द भण्डारगत दृष्टिले विश्लेषण गरिएको छ । लिइएका बाल कथाहरूबाट प्राप्त तथ्याङ्कहरू लाई नै महत्त्वपूर्ण सूचनाको रूपमा यस अध्ययनमा लिइएको छ । यसरी **'मुना'** बाल पत्रिकामा २०६७ सालमा बैशाख महिना देखि चैत्र महिना सम्म बाह्र अंकमा रहेको बाल कथाहरूलाई प्रतिनिधि कथा मान्दै सम्पूर्ण बाल कथाको अध्ययन विश्लेषण गर्नका निम्ति निम्न लिखित अध्ययन विधिको प्रयोग गरिएको छ :-

**(क) सामग्री सङ्कलनः** २०६७ सालमा **'मुना'** बाल पत्रिकामा समेटिएका बाल कथाहरूलाई नै सामग्री सङ्कलनको मुख्य स्रोत ठानिएको छ । यिनै कथाहरूबाट बाल कथाको सैद्धान्तिक विवरणको साथै स्वरूप, विषयगत वर्गीकरण एवम् विश्लेषण बाल उपयोगी र शब्द भण्डारका दृष्टिले हेरिएको छ । प्रत्येक महिनाको तिन/तिन वटा कथाहरू विषय वस्तु, प्रस्तुतिगत र संक्षिप्तताको आधारमा बाल कथा छनोट गरिएको छ ।

**(ख) पुस्तकालयीय विधिः** यस अध्ययनमा बाल कथाको सैद्धान्तिक आधार खडा गरिने छ । यसै आधारमा बाल कथाहरूको विश्लेषण गरिएको छ । यस सैद्धान्तिक अवधारणा निर्माण गर्नका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ । सम्बन्धित पुस्तकका साथ साथै पुस्तकाकार कृति र अप्रकाशित शोध ग्रन्थहरूको सहयोग लिइएको छ ।

## १.८. शोधको सीमाङ्कन

**'मुना'** बाल पत्रिकामा संग्रहित बाल कथाहरूको अध्ययन विश्लेषणका क्रममा निम्नि लिखित सीमा र परिधि भित्र रही अध्ययन विश्लेषण गरिएको छ :–

(क) बाल पत्रिकासँग सम्बन्धित अध्ययन भए तापनि यो **'मुना'** बाल मासिक पत्रिकाका कथाहरूमा केन्द्रित रहको छ ।

(ख) **'मुना'** बाल मासिक पत्रिकाको २०६७ सालको बैशाख देखि चैतसम्मको बाह्र अङ्कमा यस अध्ययन सीमित रहेको छ ।

(ग) हरेक अङ्कका विषयगत र प्रस्तुतिगत भिन्नतालाई आधार मानी हरेक अङ्कमा तिन/तिन वटा कथामा सीमित रहेको छ जस मध्ये एक/एक वटा चित्र कथाको अध्ययन गरिएको छ ।

(घ) यस अध्ययन बाल कथाको स्वरूप, विषयगत वर्गीकरण र विश्लेषण, शब्द वर्गका आधारमा सीमित रहेको छ ।

(ङ) शब्द वर्गको आधारमा बाह्र अङ्कका बाह्र ओटा कथालाई संक्षिप्तताको आधारमा विश्लेषण गरिएको छ ।

(च) शब्द भण्डार अन्तर्गत शब्द वर्गको आधारमा कथाहरूलाई विश्लेषण गरिएको छ ।

(छ) बाल साहित्यको समग्र अध्ययन, विश्लेषण र मूल्याङ्कन नभई **'मुना'** बाल पत्रिकाको कथाहरूको विश्लेषणमा जोड दिइएको छ ।

## १.९. अध्ययनको रूपरेखा

| | |
|---|---|
| परिच्छेद एक : | शोधको परिचय |
| परिच्छेद दुई : | सैद्धान्तिक परिचय |
| | (क) बाल कथाको सैद्धान्तिक परिचय |
| | (ख) शब्द भण्डारको सैद्धान्तिक परिचय |
| परिच्छेद तिन : | **'मुना'** बाल पत्रिकामा प्रकाशित बाल कथाको स्वरूपगत विश्लेषण |
| परिच्छेद चार : | **'मुना'** बाल पत्रिकामा प्रकाशित बाल कथाको विषयगत वर्गीकरण र विश्लेषण |
| परिच्छेद पाँच : | **'मुना'** बाल पत्रिकामा प्रकाशित बाल कथाहरूको शब्द भण्डारगत विश्लेषण |
| परिच्छेद छ : | सुझाव र निष्कर्ष |

# परिच्छेद–दुई

## सैद्धान्तिक परिचय

### २.१. बाल कथाको सैद्धान्तिक परिचय

#### *२.१.१. बाल साहित्यको परिचय*

'**बाल**' र '**साहित्य**' को संयुक्त रूप नै **'बाल साहित्य'** हो । '**बाल**' भन्नाले बाल बालिकाहरूलाई बुझिन्छ भने **'साहित्य'** शब्दले मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको एक विशिष्ट विधालाई जनाउँदछ (प्रधान, २०६१: १९) । यसरी सोझो अर्थमा '**बाल साहित्य**'ले बाल बालिकाद्वारा लेखिने साहित्य वा बाल बाल बालिकाहरूका लागि लेखिने साहित्य भन्ने हुन्छ । अझ अर्को रूपबाट हेर्दा '**बाल साहित्य**' भन्नाले उमेरगत हिसाबले चौध/पन्ध्र वर्ष ननाघेका मानिसको उमेर समूहका लागि भनी लेखिएको साहित्य हो । यसरी सामान्य साहित्य रचना भन्दा बाल साहित्यको संरचनागत स्वरूप र उद्देश्य फरक हुन्छ (अर्याल; अप्रकाशित विद्यावारिधि शोध पत्र, २०५८: ३) ।

बाल साहित्यको सिर्जना गर्दा उनीहरूको उमेर, मनोवैज्ञानिक पक्ष, ग्रहणशीलता, रुचि जस्ता कुरालाई आधार बनाउनु पर्छ । बाल बालिकाहरूलाई मनोरञ्जन दिने, रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञान विज्ञानका विविध विषयका सम्बन्धमा जानकारी दिने विषयवस्तुलाई उनीहरूको उमेर, स्तर, क्षमता र रुचि अनुसारको सरल, सरस भाषामा रोचक तवरले लेखी सकेसम्म रङ्गीन चित्रहरू समेत समावेश गरी कलात्मक र रञ्जक पाराले प्रकाशित रचना-कृतिलाई नै बाल साहित्य मानिन्छ । बाल साहित्य र लेखकले बालकहरूको मनोविज्ञान, बानी, व्यहोरा र बाल शब्द भण्डारको यथेष्ट ज्ञान हासिल गर्नुका साथै प्रस्तुत गर्ने विषयका बारेमा पनि स्पष्ट जानकारी राख्नु पर्छ ।

बाल साहित्य सीमाबद्ध रूपमा वा बाध्यता अन्तर्गत अध्ययन गर्नु नपर्ने पठन सामग्री हुनाका साथै मनोरञ्जक तथा रोचक रूपमा प्रस्तुत गरिने साहित्य समेत भएकोले बढी आकर्षक हुन्छ । बाल साहित्यको परिभाषा बाल साहित्यकारले यसरी दिएको पाइन्छ :-

- **बाल बालिकाहरूलाई स्वस्थ मनोरजन, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान र नयाँ-नयाँ सूचना दिने साहित्य नै बाल साहित्य हो, यसमा पाठकको मानसिक स्तर, उमेर, भाषा जस्ता कुराको विचार गरिन्छ ।**

-चूडा मणि बन्धु

- **अविकसित बालकलाई मनोरञ्जन दिँदै निर्माणका कार्यतर्फ राष्ट्र र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बाल साहित्य हो ।**

-डा.तारा नाथ शर्मा

- **बाल मनोविज्ञानको आडमा बाल रुचि अनुसारको नैतिक आध्यात्मिक, वैज्ञानिक चेतना दिने, राष्ट्रिय वातावरणयुक्त बाल समस्यालाई ध्यान दिएर लेखिएको बाल उमेर अनुसारको सिर्जनात्मक साहित्य रचना नै बाल साहित्य हो भन्न सकिन्छ ।**

-अच्युत शरण अर्याल

- **बालकको उमेर, अवस्था अनुसार रुचिकर हुने, उनीहरूलाई मन पर्ने सरल, सुलभ भाषा बोलीचालीका शब्द प्रयोग गरी लेखिएको साहित्यलाई बाल साहित्य भनिन्छ ।**

-भुवनेश्वरी सत्याल

यस प्रकार बाल साहित्य सम्बन्धी विविध धारणा भए पनि तिनै विचार र धारणाले बाल साहित्यको स्वरूप र उद्देश्य दुबैलाई बुझ्न सजिलो पारिदिएको छ । यसको गन्तव्यलाई पनि छर्लङ्ग पारेको छ । समग्रमा बालकको सर्वाङ्गीण विकासमा मद्दत पुऱ्याउन बाल साहित्यको योगदान उल्लेखनीय रहने छ ।

### २.१.२. *बाल साहित्यको स्वरूप*

नेपाली बाल साहित्यको फाँटमा विभिन्न स्वरूपका साहित्यिक रचनाहरू पाइन्छन् । बाल साहित्यमा विभिन्न विधाहरू समेटिएका हुन्छन् । बाल साहित्यमा साहित्यिक विधाहरूलाई सामान्यतः यसरी देखाउन सकिन्छ :-

**क) बाल गीत/बाल कविता**

**ख) बाल कथा**

**ग) बाल एकाङ्की/बाल नाटक**

**घ) बालोपयोगी जीवनी**

**ङ) चित्र कथा/चित्र पुस्तक**

**च) अनुवाद बाल साहित्य**

(प्रधान, २०६१:३)

प्रमोद प्रधानले **'नेपाली बाल साहित्यको इतिहास'** (२०६१) कृतिमा बाल साहित्यका विधालाई छ प्रकारले विभाजन गरे तापनि सामान्यत: बाल साहित्यलाई विधागत रूपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ-

**क) बाल गीत/बाल कविता**

**ख) बाल आख्यान**

**ग) बाल नाटक**

**घ) चित्र कथा**

### *२.१.३. बाल कथाको परिचय*

बाल साहित्यका विभिन्न विधाहरू(कथा, कविता, गीत आदि) मध्ये बाल कथा एक प्रमुख विधा हो । बाल कथाहरू बाल बालिकाको क्षमता, स्तर र रुचिलाई आधार मानी लेखिएकाले बाल बालिकाहरूको भित्री तहसम्म छुन सफल बनेको देखिन्छ । बाल कथाबाट बाल बालिकाहरूले कहिले उत्प्रेरित हुने, कहिले भयभीत हुने त कहिले मनोरञ्जन समेत प्राप्त गर्दछन् । शिक्षित, अशिक्षित अभिभावकसँगै बसेर काल्पनिक रूपमा नायक-नायिकाका बहादुरी, साहस, चमत्कार आदि सुन्न उत्सुक भएको पाईन्छ । यसरी नै आजको बाल कथाको प्रारम्भ भएको देखिन्छ ।

बाल कथाका सन्दर्भमा विभिन्न विद्वान्हरूको भनाइ यस प्रकार छ :-

**अशिक्षित आमा बजैको काखमा बसेर केटा केटीहरूले काल्पनिक कथाका नायक-नायिकाको बहादुरी, साहस, चमत्कार आदि उत्सुकतापूर्वक कान ठाडो पारेर सुनेको हामी कल्पना गर्न सक्छौं ।**

- रञ्जुश्री पराजुली

**बाल कथा मधुर र सरल शब्दहरूमा तथा सहज र छोटा वाक्यहरूमा भनिन्छन् वा लेखिन्छन् । ...... बाल कथा विशेष गरी पाठककेन्द्री हुन्छन्, लेखककेन्द्री होइनन् । यस्ता कथाहरू रचना गर्दा पाठकको मानसिक स्तर उमेर, भाषा विषयमा विचार गरिन्छ ।**

- जगत क्षेत्री

**बाल कथा बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसका प्रत्येक पक्षमा पूर्व योजना अति नै जरूरी हुन जान्छ ।**

- नर हरि आचार्य

उपर्युक्त भनाइहरूलाई समेट्ने गरी भन्दा **बाल कथा एक बालकको स्तर, क्षमता, उमेर, रुचि जस्ता पक्षहरूलाई ख्याल गरी सरल, सरस शब्द संयोजन गरेर बाल मस्तिष्कमा सकारात्मक छाप सजिलै पार्न सक्ने गरी निर्माण गरिएको यथार्थ भन्दा कल्पना उन्मुख हुन्छ, जुन रोचक र घोचक दुबै हुन्छ । अझ सन्देश भन्दा पनि मनोरञ्जन दिलाउने प्रवृत्ति बढी पाइन्छ ।**

### *२.१.४. बाल साहित्यमा कथा विधाको महत्त्व*

सामान्यतः बालकलाई भुलाउने माध्यमका रूपमा रहने बाल साहित्यको उद्देश्य बाल बालिकाले नै मन पराउने उनीहरूको जिब्रोले पचाउन सक्ने र दिक्क नमानीकन पढ्न खोज्ने भाषा शैलीको प्रयोग गरेर उनीहरूलाई प्रत्यक्ष रूपमा मनोरञ्जन र अप्रत्यक्ष रूपमा शिक्षा दिनु रहन्छ र त्यही अभीष्ट प्राप्तिको माध्यम नै बाल कथा हो ।

बाल साहित्यमा बाल कथा विधालाई समेट्नुको आफ्नो छुट्टै महत्त्व छ । मनोरञ्जन दिने मात्र नभई बाल बालिकामा जिज्ञासु बनाउने, उनीहरूलाई ज्ञानबर्द्धक कुरामा लगाउने, बाल साहित्यमा रुचि जगाउने, लेख्न र पढ्नका लागि औपचारिक र अनौपचारिक शिक्षा दिने, चेतना र ज्ञानको विकास र परिष्कार गराउने जस्ता यावत् कुरामा बाल कथाले बाल बालिकालाई सहयोग गर्दछ । बाल साहित्यमा बाल कथाको रखाइले साहित्यिक रचना-पत्रिकाको गरिमालाई झन उँचो तुल्याएको छ । बाल साहित्यमा बाल कथाको महत्त्वलाई निम्न लिखित बुँदामा अङ्कन गर्न सकिन्छ-

(क) **साहित्यमा रुचि जगाउने**

(ख) **मनोरञ्जन दिने**

(ग) **कल्पना शक्तिको विकास गराउने**

(घ) **जिज्ञासु, कौतूहल, शब्द ज्ञान र विषय ज्ञानमा थप टेवा पुग्ने**

(ङ) **व्यक्तितत्त्व विकासमा मद्दत गर्ने**

(च) **सिर्जनात्मक लेखनमा जागृत गराउने**

(छ) **उच्चारण, शब्द भण्डार, वर्ण विन्यास लगायत व्याकरणिक नियममा थप शुद्धता र परिष्कार ल्याउने**

(ज) **बाल बालिकालाई भुलाउने दरिलो माध्यम हुने**

(झ) **सस्वर वाचन र मौन वाचनको अभ्यासमा समेत मद्दत गर्ने**

(ट) **विश्लेषणात्मक क्षमताको विकास गराउने**

(ठ) **जिज्ञासाहरूको समाधान गर्ने**

(ड) **भाषिक क्षमताको विकास गरी चारित्रिक सुधार गर्ने**

(ढ) **पढ्ने प्रवृत्तिको विकास गर्ने**

त) **राष्ट्रिय संस्कार, चरित्र र भावनाको प्रवर्द्धन गर्ने**

(थ) **मानवीय मूल्य र मान्यताप्रतिको जागरूकता देखाउने ।**

### *२.१.४. नेपाली बाल कथाको विकास क्रम*

नेपाली बाल कथाको आरम्भ अन्य साहित्यिक विधाको तुलनामा पछि भएको हो । नेपाली समाजमा बाल कथा सुन्ने सुनाउने परम्परा लामो मानिन्छ तर लेखन र प्रकाशनको प्रारम्भ भने निकै ढिलो भएको हो । नेपाली बाल कथाको विकास क्रमलाई हेर्दा गङ्गाधर शास्त्रीको **गोर्खा पहिलो किताब** (१९४९) मा केटाकेटीका लागि लेखिएको केही नीति कथाहरू र उनकै वि.सं. १९५३ मा स-साना कथाहरू रहेको पाइन्छ (शर्मा; २०५०:२२२-२२३) । विभिन्न बाल साहित्य समालोचकहरूले आ-आफ्नो तर्कहरू पेश गरेको पाइन्छ । रामचन्द्र लम्साल र अच्युत शरण अर्यालद्वारा सम्पादित कृति **'नेपाली बाल साहित्यका कोश'** (वि.सं. २०६१) मा वि.सं. १८३३ को भानुदत्तको **हितोपदेश मित्रलाभ** र मुन्सीको **तिन आहान** (१८७७) बाल पाठोपयोगी बाल कथा भएकोले प्रथम बाल पाठ्य सामग्रीको रूपमा यसलाई स्वीकारिएको पाइन्छ । त्यस्तै, सीता कटवाल, भरत कुमार बस्नेत र विनु अधिकारीको स्नातकोत्तर शोध पत्रमा वि.सं. १९५८ लाई आधार विन्दु ठानी बाल कथाको विकास क्रम देखाइएको छ । नेपाली भाषाका कथा साहित्यको विकास वि.सं. १८२७ मा शक्ति बल्लभ अर्यालद्वारा गरिएको संस्कृतको महाभारतको **'विराट पर्व'**को अनुवादबाट सुरु हुन्छ । आख्यान साहित्यको सर्व प्राचीन रूप हुनाले नेपाली कथा साहित्यको प्राथमिक काल पनि यहीँबाट प्रारम्भ हुन्छ। (शर्मा र श्रेष्ठः २०६३, ८०) ।

यसरी उपर्युक्त बाल कथा समालोचकहरूको बाल कथाको विकास क्रमबारे भिन्न-भिन्न दृष्टिकोण पाइए तापनि समग्रमा सबै समालोचकहरूलाई मान्य हुने गरी नेपाली बाल कथाको विकास क्रमलाई यसरी वर्गीकरण गर्न सकिन्छ –

(क) **पृष्ठभूमि काल (वि.सं. १८३३)**

(ख) **आरम्भ काल (वि.सं. १९८५)**

(ग) **निर्माण काल (वि.सं. २००७)**

(घ) **उर्वर काल (वि.सं. २०४६)**

## क) पृष्ठभूमि काल (वि.सं. १८३३)

वि.सं. १८३३ मा भानुदत्तको **हितोपदेश मित्रलाभ** र मुन्सीको **तिन आहान** (वि.सं. १८७७) बाल पाठ्य उपयोगी बाल कथा भएकाले प्रथम बाल पाठ्य सामग्रीको रूपमा स्वीकार गर्नु पर्ने हुन्छ । यसरी **हितोपदेश मित्रलाभ** र मुन्सीको **तिन आहान**बाट सुरु भएको नेपाली बाल साहित्यको व्यवस्थित विकास क्रम भने बाल पाठ्य सामग्रीको रूपमा धेरै वर्ष अलमलिएको हाम्रो बाल कथाको इतिहास अवगत हुन्छ । यस्तै पाठ्य सामग्रीको नमुना पहलमान सिंहको **अंकेन्दुशेखर** (वि.सं. १९६०) लाई मानिन्छ । यसरी हेर्दा नेपाली बाल कथाको प्रारम्भिक विकास शिक्षणीय प्रयोजनका क्रममा मात्र सीमित हुन गएको भेटिन्छ । कथा भन्ने र सुन्ने परम्परा भने धेरै पुरानो भए पनि कथा पढ्ने परम्परा बसि सकेको हुँदैन ।

## ख) आरम्भ काल (वि.सं. १९५८)

वि.सं. १९५८ भन्दा अघि नेपाली कथा साहित्यमा बाल कथाका छिटपुट प्रयोग भएको देखिन्छ । १९५८ मा जय पृथ्वी बहादुर सिंहको **बाल बोध शिक्षा** (वि.सं. १९५८), लक्ष्मी प्रसाद सापकोटाको **बाल शिक्षा** (वि.सं. १९७७) मा केही बालोपयोगी कथाहरू रहेको पाइन्छ (शर्मा, २०५०:७१) । वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि राम मणि आ.दी., चक्र पाणि चालिसे, पारस मणि प्रधान, रूद्र राज पाण्डे आदिका पुस्तकहरू प्रकाशित भएको पाइन्छ । त्यस्तै **गोरखा पत्र, उद्योग** र **सुन्दरी** लगायतका पत्र-पत्रिकाहरूले कहिलेकाहीँ बालोपयोगी रचना छापे पनि यसको विकासमा ठोस प्रयास चाहिँ भएको देखिन्न ।

यस चरणमा ठोस बाल कथाको स्वरूप नदेखिए तापनि बाल कथाको स्वरूप निर्माणमा एउटा इँटा थप्न भने सफल छ । बाल कथा क्षेत्रमा प्रवेश गर्ने गोरेटो भने बनाउनु नै यस कालको उपलब्धि हो ।

## ग) निर्माण काल (वि.सं. २००७)

नेपाल र भारत दुबै ठाउँबाट बालोपयोगी कथाहरू लेख्ने प्रयास भए पनि सचेत रूपमा भने बाल कथा लेखनको थालनी भने वि.सं. २००७ सालपछि मात्र भएको देखिन्छ ।

राणा शासनको पतनपछि बाल कथामा निर्माणको युग सुरु हुन्छ । बाल कथाका तत्त्वगत आधारमा बाल कथाहरू लेखिन थाले । तीमध्ये देव कुमारी थापाका **'रामको कथा'** (वि.सं. २०१३), **'कथाको बटुलो'** (वि.सं. २०३६), **'सुन पखेटी चरी'** (वि.सं. २०४२)', रमेश विकलको **'अगेनाको डिलमा'** (वि.सं. २०२३), **'हिउँदे छुट्टी'** (वि.सं. २०४९) , र **'गौंथलीको घर'** (वि.सं. २०५२) आदि, कृष्ण प्रसाद पराजुलीका **'सुनौला तिन कुरा'** (वि.सं. २०२७), **'मेरो मुरली'** (वि.सं. २०४८) र **'फुल जस्तो मन'** (वि.सं. २०५९) आदि कृतिहरू प्रकाशित छन् ।

यसरी यस चरणमा बाल कथाहरूमा मुख्यतः लोक कथा एवम् नीति कथाहरूको पुनः सिर्जन गरिनु र कतिपय मौलिक कथा सिर्जन गरिनु, पशुपंक्षी र केटाकेटीहरूलाई पात्र पात्राका रूपमा उभ्याएर आफूले भन्न चाहेको कुरा रोचक ढङ्गले व्यक्त गर्नु, बाल रुचि अनुकूल, सौन्दर्यपूर्ण र कलात्मक हुनु, केही बाल कथाहरू बाल भावना अनुसार हुन नसक्नु बाल बालिकाहरूलाई पर्याप्त मात्रामा शिक्षा ज्ञान र मनोरञ्जन प्रदान गरेको पाइनु जस्तो प्रवृत्ति देख्न सकिन्छ ।

## घ) उर्वर काल (वि.सं. २०४६)

प्रजातन्त्रको उदयपछि बाल साहित्यकारहरूमा बाल मनोविज्ञानका सम्बन्धमा थप ज्ञान प्राप्त हुन थाल्यो। त्यसले गर्दा बाल बालिकाको साहित्यमा विशेष अग्रता देखा पऱ्यो । वि.सं. २०४७ सालमा **'मुना'** जस्ता बाल पत्रिकाहरू प्रकाशन हुन थाल्यो । अन्य बाल पत्रिकाहरू पनि प्रकाशन हुन थाल्यो । बाल बालिकाको स्तर, क्षमता, चाहना र रुचि अनुकूल बाल कथाको प्रकाशन हुन थाल्यो । बाल कथाको क्षेत्रमा विभिन्न धारका कथाहरू, मौलिक कथाहरू, लोक कथाहरू, पौराणिक कथाहरू, विदेशी अनुवादित कथाहरू र चित्र कथाहरू देखा परे ।

यस कालमा रमेश विकलका **'तेह्र रमाइला कथा'** (वि.सं. २०४८) र **'गौंथलीको घर'** (वि.सं. २०५२) शान्त दासको **'कथा कोसेली भाग-१,** (वि.सं. २०४९) **'कथा कोसेली भाग-२** (वि.सं. २०४९), **'कथा कोसेली' भाग-३** (वि.सं. २०५३), **'कथा कोसेली' भाग-४** (वि.सं. २०५६), **'कथा कोसेली' भाग-५** (वि.सं. २०५७), गणेश भण्डारीको **'पट्याँस-ट्याँस'** (वि.सं. २०५३), विश्व राज पाण्डे **'स्याहुते दाइ'** को **'कथाको अर्को कोसेली'** (वि.सं. २०५४) र

जनक प्रसाद हुमागाईँका **'दिदी भाइको माया'** (वि.सं. २०४७), **'लहरे पिपलको कथा'** (वि.सं. २०५९), **'असल मित्र'** आदि जस्ता कृति र कृतिकारहरू छन्।

यसरी यस कालमा पूर्ववर्ती निर्माण कालका विशेषताहरू अँगाल्दै वैज्ञानिक कथाहरूको सिर्जना, वर्तमान विकृत-विसङ्गतिहरूप्रति तीक्ष्ण व्यङ्ग्य गरेको पाइनु, सरल भाषा, बाल पात्र पात्रा र मिठो प्रस्तुतिका साथै आवश्यक कुराहरूलाई काटछाँट गरी बाल रुचि अनुकूल प्रस्तुत गरिनु यस कालका थप उपलब्धिहरू हुन् ।

नेपाली बाल कथाको विकास यसरी भए तापनि अभिभावकको ज्ञानको कमी, विदेशी बाल कथाका पुस्तक-पत्रिकाको व्यापकता, साजसज्जामा अन्तर, बिक्री वितरणमा कठिनाइ, प्रोत्साहन, पुरस्कार र अनुदानको अभाव (हुमागाईं; २०५६: ३८-३९) आदि कारणले अपेक्षाकृत विकास हुन सकेको छैन ।

### *२.१.६. बाल कथाको विषयगत वर्गीकरण*

सामान्यतः कथाहरूको स्वरूपका बारेमा वर्गीकरण गर्न सकिए तापनि बाल कथालाई वर्गीकरण गर्न कठिन हुन्छ । हुन त अङ्ग्रेजी विश्वकोशले आख्यान (फिक्सन) अन्तर्गत बाल आख्यानलाई चर्चा गर्ने क्रममा यसरी वर्गीकरण गरेको पाइन्छ –

**क) काल्पनिक कथा**

**ख) आश्चर्य कथा**

**ग) जनावर कथा**

**घ) अरू देशका मान्छेका कथा**

**ङ) ऐतिहासिक कथा**

**च) विज्ञान कथा**

**छ) पौराणिक कथा**

**ज) सामाजिक/ व्यक्तिगत कथा**

त्यस्तै विनु अधिकारीले स्नातकोत्तर शोध पत्र (वि.सं. २०६७) मा यसरी वर्गीकरण गरेकी छिन् –

**क) धार्मिक/पौराणिक बाल कथा**

**ख) लोक बाल कथा**

**ग) सामाजिक बाल कथा**

**घ) विज्ञान कथा**

**ङ) विदेशी बाल कथा**

**च) चित्र बाल कथा**

**नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (वि.सं. २०६१) कृतिमा जीवेन्द्र देव गिरीले यसरी वर्गीकरण गरेका छन्-

**क) मौलिक कथा**

**ख) लोक कथा**

**ग) पौराणिक कथा**

**घ) विदेशी कथा**

**ङ) चित्र कथा**

यसरी विभिन्न समालोचकहरूले आफ्ना-आफ्नै मतका आधारमा बाल कथाको स्वरूपलाई वर्गीकरण गरेको पाइन्छ । कसैले जातक बाल कथा र बाल विज्ञान कथा पनि थपेका छन् । अपितु धेरै समालोचकलाई मान्य हुने गरी बाल कथाको यसरी वर्गीकरण गर्न सकिन्छ –

**क) लोक बाल कथा**

**ख) मौलिक बाल कथा**

**ग) अनुदित बाल कथा**

**घ) बाल चित्र कथा**

**ङ) बाल  विज्ञान कथा**

उपर्युक्त बाल कथाका विषयगत वर्गीकरणको सामान्य परिचय तल उल्लेख गरिन्छ -

### क) लोक बाल कथा

**'एकादेशमा', 'कुनै समयमा', 'धेरै वर्ष अघि'** जस्ता पद-पदावलीको कथा हाल्नु अघि संयोजन गरी लोक कथा भनिन्छ । यस्ता कथाहरूमा प्रायः बाल बालिकाहरूलाई भुलाउने र उनीहरूलाई सकारात्मक सन्देश दिलाउने कथाहरू हुन्छन् । यस्ता लोक कथाहरूमा काल्पनिक र आश्चर्यजनक विषय वस्तु समेटिएका हुन्छन् । तिलस्मी, जादुगरीयुक्त घटनाक्रमले यस्ता कथाहरू मनोरञ्जनले भरिएका तर यथार्थको विकट रहेका हुन्छन् । '**एकादेशमा** ......' बाट सुरु भएको कथा 'सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, ्यो कथा बैकुण्ठै जाला' भनेर बिसाएपछि कथा ज्यादै रोचक ठानिन्छ । २०६७ साउनको 'मुना' पत्रिकामा प्रकाशित **'बाह्रो बर्डिवा'** शीर्षकको कथालाई बाल लोक कथा भन्न सकिन्छ ।

### ख) मौलिक बाल कथा

मौलिक बाल कथा भन्नाले नितान्त सोही ठाउँ सुहाउँदो सामाजिक बाल कथा भन्ने बुझिन्छ । नेपाली बाल कथामा मौलिक सिर्जनाको छिटा देखाउने कथाकारहरूमा रमेश विकल, कृष्ण प्रसाद पराजुली, जनक प्रसाद हुमागाईं, शारदा रमण नेपाल, परशु प्रधान, प्रेमा शाह आदिको नाम लिन सकिन्छ । मौलिक कथालाई सामाजिक बाल कथा पनि भन्न सकिन्छ । समाजमा बाल बालिकाहरूमाथि गरिने भेदभाव, अत्याचार  आदिको विरोध, छोरा र छोरीमाथि गरिने भेदभाव, आर्थिक, सामाजिक, सांस्कृतिक जस्ता मौलिक स्वरूपका प्रवृत्ति हुन्छन् । नेपाली जन जीवनसँग सम्बन्धित बाल कथाहरूलाई नेपाली बाल पाठकले पठन आस्वादन गर्दा त्यो कथा मौलिक बाल कथा हुन्छ । २०६७ सालको मंसिर अङ्कको **'सानी गीता र पानीको संस्मरण'**, **'अभिभावकको कर्तव्य'**, बैशाख अङ्कको **'ड्राइभर अंकल किन रोएँ ?' 'जामुनेको प्रगति'** आदि जस्ता बाल कथाहरू मौलिक बाल कथा उदाहरण हुन् ।

### ग) अनुदित बाल कथा

नेपाली साहित्यमा पनि एक भाषाबाट अर्को भाषामा अनुवाद गरिएको बाल कथालाई अनुदित बाल कथा भनिन्छ । विदेशी कथाकारहरूले लेखेका विश्व प्रसिद्ध कथाहरूलाई अनुवादकद्वारा अनुवाद गरी प्रकाशन गर्ने चलन बढेको पाइन्छ । यसरी बाल

कथाहरू अनुवाद गर्दा मूल लेखकले दिने सामाजिक परिवेश, सन्देश आदिलाई बुझ्न सकिने र थप नयाँ परिवेशबारे ज्ञान हुन्छ । अनुवाद गर्दा यान्त्रिक अनुवाद भन्दा भावार्थ अनुवादमा जोड दिनु पर्छ । यसको सुरुवातकर्ता भने गङ्गा प्रसाद पादरी र मिस गोलेन मानिन्छन् ।

अनुवादित बाल कथाहरूमा २०६७ सालमा प्रकाशित केही कथाहरू **'सुनौलो स्याउको हाँगा'**,र **'भविष्यवाणी'** आदि रहेका छन् ।

## घ) बाल चित्र कथा

घटना परिघटनालाई शब्दमा मात्र सीमित नपारेर सँग सँगै चित्रमा पनि प्रस्तुत गरिएको कथालाई बाल चित्र कथा भनिन्छ । बाल बालिकाहरू स्वभावैले जिज्ञासु हुन्छन् । उनीहरू धेरै कुरा जान्न बुझ्न खोज्छन् र उनीहरूको कलिलो मस्तिष्कले पढेको कुरा भन्दा देखेको कुरा राम्ररी सिक्छन् । भनिन्छ नि 'हजार शब्दले दिने ज्ञान एकै चित्रमा छर्लङ्ग हुन्छ ।' नेपाली कथाका ढुकुटीभित्र चित्र कथालाई प्रवेश गराउने श्रेय पनि बाल पत्रिकालाई दिन सकिन्छ (गिरी; २०६१: ५४) । बाल कथालाई चित्रात्मकताका दृष्टिले यसरी विभाजन गर्न सकिन्छ-




(भिक्टर प्रधान, वर्तमान बाल रुचि र आवश्यकता: चित्र कथा (लेख), बाल साहित्य ( वार्षिक) २०४७, पृ.३१)

**'मुना'** मासिक पत्रिकामा हरेक अङ्कमा चित्र कथा प्रकाशित हुने गरेको छ । २०६७ सालमा प्रकाशित चित्र कथाहरूमा **'मङ्गलेको बानी'**, **'कञ्जुस राजा'**, **'हजुरबाको साथी'** र **'चतुरेको जुक्ति'** आदि जस्ता रहेका छन् । चित्र कथाले ठाउँ धेरै ओगटे पनि मनको ठाउँ पनि धेरै ओगट्न सफल भएको पाइन्छ । अझ, सादा चित्रले भन्दा रङ्गीन चित्रले बाल बालिकाहरूलाई आकर्षिक गर्दछ ।

### ङ) बाल विज्ञान कथा

वैज्ञानिक युगमा विज्ञानका देनहरूसँग सम्बन्धित गराई रोचक पाराले कथाको निर्माण गरिन्छ । विज्ञानले गरेको अद्भूत पात्रहरू जस्तै यन्त्र मानवलाई पात्र बनाई विज्ञान प्रधान कथा बनाइन्छ ,जसले गर्दा बाल बालिकामा वैज्ञानिक वस्तुप्रति चासो  जागृत हुन्छ ।

विषय वस्तु समेटिएका कथालाई समेत विज्ञान कथा भन्न सकिन्छ । बाल विज्ञानका कथाहरूमा रसायन, वनस्पति, ग्रह, तारा, चन्द्रमा जस्ता विषय वस्तु राखिएको हुन्छ । नेपाली साहित्यको विकासमा विज्ञान कथाको विकास क्रम त्यति पुरानो छैन । बाल कथाको क्षेत्रमा फाटफुट रूपमा विज्ञान कथाहरू देखा परेका छन् ।

२०६७ सालमा प्रकाशित बाल कथाहरूमा विज्ञानका कुराहरू प्रायः देखा पर्दछन् । यसरी मुनामा पनि बाल विज्ञान कथाहरू कम प्रकाशित हुने गरेको छ  । बाल विज्ञान कथाले बाल मस्तिष्कलाई वैज्ञानिक र प्रविधिको खोजीमा लाग्न प्रेरित गर्न खोजेको देखिन्छ ।

### *२.१.७. बाल कथाका तत्त्वहरू*

हरेक रचनाको एक निश्चित प्रक्रिया हुन्छ । विभिन्न तत्त्वहरूको संयोजनले त्यसलाई पूर्णता दिन्छ । बाल साहित्यमा बाल कथाको पनि आवश्यक तत्त्वहरू रहन्छन् । ती अङ्गबिना बाल कथाले पूर्णता पाउँदैन । कुनै पनि विधामा तत्त्वहरूको उचित प्रयोगका लागि सो रचनाको लक्षित समूहको निर्णय पहिले नै गर्नु राम्रो मानिन्छ । यदि त्यसो गरिएन भने त्यस्ता रचनाले सबै उमेर समूहका बाल बालिकामा आवश्यक प्रभाव पार्न सक्दैन ।

बाल कथाका सम्बन्धमा यसका आवश्यक तत्त्वहरूलाई विभिन्न समालोचकहरूले आ-आफ्नै तर्क पेश गरेका छन् । बाल कथाको तत्त्वहरूका सम्बन्धमा प्रमोद प्रधानले **'नेपाली बाल साहित्यको इतिहास'** (वि.सं. २०६१) पुस्तकमा **कथानक, संवाद, चरित्र-चित्रण** र **भाषा शैली** जस्ता तत्त्वहरूको आवश्यकता पर्ने बताएका छन् ।

त्यस्तै अच्युत शरण अर्यालको **'नेपाली बाल साहित्यको अध्ययन'** (अप्रकाशित विद्यावारिधि शोध पत्र)मा बाल कथाका तत्त्वहरूलाई यसरी प्रस्तुत गरिएको छ-

**(क) कथा वस्तु**

**(ख) क्रियाकलाप**

**(ग) कौतूहल**

**(घ) पात्र**

**(ङ) उद्देश्य**

**(च) परिवेश**

**(छ) भाषा शैली**

**(ज) कथोपकथन ।**

यसैलाई आधार मानेर अम्बिका कुमारी मैनाली (अप्रकाशित स्नातकोत्तर शोध पत्र; २०६४: २३-२५) र बिनु अधिकारीले बाल कथाका तत्त्वहरूलाई विश्लेषण गरेका छन् । भक्त बहादुर राईले नेपाली **बाल कथामा लोक साहित्यको प्रभाव** (अप्रकाशित स्नातकोत्तर शोध पत्र; २०६३ः १९-२१) मा कथानक, संवाद, पात्र, भाषा शैली, उद्देश्य, बाल रुचि र बाल शिक्षा गरी सात वटा तत्त्वहरूको व्याख्या गरेको पाइन्छ । त्यस्तै गरी देवराज तिवारीको **'नेपाली बाल कथाको अध्ययन'** (अप्रकाशित स्नातकोत्तर शोध पत्र; २०६१ः १२-१६) मा **कथानक, संवाद, पात्र, भाषा शैली** र **उद्देश्य** गरी बाल कथाका तत्त्वहरूलाई वर्गीकरण र व्याख्या गरेको पाइन्छ ।

यसरी बाल कथाका तत्त्वको सम्बन्धमा समालोचकहरूको आ-आफ्नो मत रहे तापनि बाल कथामा चासो राख्ने सबैलाई प्रायः स्वीकार्य हुने गरी बाल कथाका तत्त्वहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ-

**क) कथानक,**

**ख) पात्र/चरित्र चित्रण,**

**ग) परिवेश,**

**घ) भाषा शैली**

**ङ) उद्देश्य**

**च) कथोपकथन/संवाद**

**छ) चित्र र रङ्गको व्यवस्थापन**

**क) कथानक**

कथानक कथाको मूल तत्त्व हो । कथानकलाई विषय वस्तु वा कथा वस्तु पनि भन्ने गरिन्छ । अझ प्रष्ट रूपमा भन्दा कथानक भनेको घटना हो । आख्यानमा घटना अनिवार्य हुन्छ । बाल कथामा कथानकको चयन गर्दा बालकको उमेर, स्तर, बुद्धि र रुचिलाई आधार बनाउनु पर्छ । बालबालिकाको उमेर र रुचि अनुकूल कथा वस्तु छनोट गर्नु पर्छ साथ-साथै बाल शिक्षाप्रद पनि हुनु आवश्यक छ । पूर्व बाल्यावस्थाका बाल बालिकाहरू, (२-६ वर्ष) बाल्यावस्थाका बाल बालिकाहरू (६-१२/१३ वर्ष), उत्तर बाल्यावस्थाका बाल बालिकाहरू ( १२/१३-१४/१५) वर्ष)का लागि कथाको विषय वस्तु समेत फरक-फरक हुनु आवश्यक छ । पूर्व बाल्यावस्थाका बाल बालिकाहरूले सरल कथा वस्तु र अदृश्य प्रधान बढी काल्पनिक कथानक मन पराउँछन् भने बाल्यावस्थाका बाल बालिकाहरूले मनोरञ्जन प्रधान कथा मन पराउँछन् र उत्तर बाल्यावस्थाका बाल बालिकाहरूलाई मनोरञ्जन प्रधान र शिक्षाप्रद कथानकको खाँचो पर्दछ ।

बाल कथाको कथानकमा हरेक पछिल्लो घटना अघिल्ला घटनाहरूसँग श्रृङ्खलित हुनु पर्दछ । यसका अतिरिक्त बाल कथामा सुरुदेखि अन्त्यसम्म नै उत्सुकता र कौतुहलता उत्पन्न गराउने खालको भएमा अझ राम्रो र रोचक मानिन्छ तर कथानक छोटो तर पूर्ण हुनु जरूरी हुन्छ । यसैले कथानकको चयन गर्दा आख्यानात्मकता, बाल रुचिपूर्ण, सरल, सङ्क्षिप्त एवम् सरस हुनु अनिवार्य हुन्छ । अझ अर्को कुरा, बाल कथा लेख्दा विशेष गरी कुन उमेर समूहका लागि लेखिएको हो, सो ख्याल गरी कथानक चयन गर्नु उपयुक्त हुन्छ ।

## ख) पात्र/चरित्र-चित्रण

बाल कथामा अर्को अनिवार्य तत्त्वहरू मध्ये पात्र पनि हो । पात्रबिना घटना वा कथानकले जीवन्तता पाउँदैन । कथानकलाई डोऱ्याउनका निम्ति पनि पात्रको खाँचो पर्दछ । कुन पात्रलाई कसरी प्रस्तुत गर्ने भन्ने कुरा कथाकारको क्षमता, रुचि र उद्देश्यमा निर्भर गर्दछ । पात्रहरूले गर्ने क्रियाकलापमा नै कथानक अडेको हुन्छ ।

बाल कथामा पात्रहरू चयन गर्दा पात्रगत उमेर, योग्यता र क्षमता एवम् लेखकीय रुचिलाई आधार बनाउनु पर्छ (अर्याल, २०५८:१८/विद्यावारिधि अप्रकाशित शोध पत्र) । बाल कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको पाइन्छ । मानवेतर पात्रमा पनि सजीव र निर्जीव पात्रलाई पनि संवाद र घटना घटाउन लगाइन्छ । पात्र संवादमा र कार्यमा

बालकको गहिरो अभिरुचि हुन्छ । त्यसैले राम्रो प्रभाव पार्न सक्ने पात्र र तिनको व्यवहार कथामा देखिनु उपयुक्त हुन्छ । बाल कथामा पात्रगत बहुलता भन्दा कम पात्रहरूको प्रभावकारी भूमिका बढी उपयुक्त हुने देखिन्छ । पूर्व बाल्यावस्था र बाल्यावस्थाका बाल समूहका लागि  मानवीय भन्दा मानवेतर पात्रहरूले गहिरो प्रभाव पार्न सकेको पाइन्छ भने उत्तर बाल्यावस्थातिर मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको उपस्थिति प्रभावकारी हुन्छ । यसरी पात्रको अधिकता, पात्रगत  जटिलता र कठिनता नभई जुन पात्र भए पनि जीवन्त बनाई पात्रलाई खेलाउनु बाल कथाको प्रभावकारितालाई बढाउने उपाय हो ।

## ग) परिवेश

बाल कथामा परिवेश पनि सर्वोपरी मानिन्छ । परिवेश अन्तर्गत देश, काल र वातावरण पर्दछ । बाल कथामा लौकिकदेखि अलौकिक, धर्तीदेखि आकाश, घरदेखि जङ्गल आदिसम्मको परिवेश बनाइन्छ । उपयुक्त परिवेशको सिर्जना र आयोजनाले कथालाई रोचक र कौतूहलपूर्ण साथै परिपाक पार्दछ । परिवेश भन्नाले घटना घट्ने स्थान, समय र परिस्थितिलाई बुझ्न सकिन्छ । समय, स्थान र परिस्थितिको कुशल संयोजनले बाल कथालाई सरल, सरस र उद्देश्यपूर्ण बनाउँदछ ।

यसरी बाल कथामा परिवेश पनि अत्यावश्यक तत्त्व हो । परिवेशबिना घटना घट्नै सक्दैन । शून्य परिवेशमा बाल कथाको कल्पनासम्म गर्न सकिँदैन । परिवेशले पात्रलाई घटना घटाउने परिस्थितिको निर्माण गर्दछ ।

बाल कथामा परिवेश निर्माण गर्दा सामान्य बाल बालिकालाई रुचि लाग्ने, लौकिकदेखि अलौकिक, प्राणीको अद्भूत प्रसङ्गलाई परिवेश बनाउनु पर्दछ । जसले गर्दा बाल कथाको उद्देश्य पूर्तिमा समेत ठूलो सहयोग गर्दछ ।

## घ) भाषा शैली

बाल कथाको रचना गर्दा ध्यान पुऱ्याउनु पर्ने तत्त्वहरूमध्ये भाषा शैली पनि एक हो । जुन सुकै रचनामा पनि भाषाको प्रयोग अनिवार्य हुन्छ र त्यो भाषालाई प्रयोग गर्ने तौर-तरिका नै शैली हो । त्यस्तै भाषाको उचित प्रयोगका लागि लेखकीय शैली पनि आवश्यक पर्दछ । सामान्यतः बाल कथाको शैलीमा विभिन्नता देखिन्छ । जस्तैः संवाद शैली,

आत्मकथात्मक शैली, प्रश्नोत्तर शैली र वर्णनात्मक शैली । संवाद शैलीमा घटनाको प्राण भर्ने काम गर्दछ भने आत्मकथात्मक शैलीले पात्रसँगको आत्मीयता बढी बाल मनमा सद्भावना पैदा हुन्छ । त्यस्तै प्रश्नोत्तर शैलीमा बौद्धिक स्तर  चतुरताका कुरा व्यक्त गर्न सकिन्छ (प्रधान; २०६१: ३८) ।

बाल कथामा प्रयुक्त भाषा सरल र सरस अनि स्वाभाविक किसिमको हुनु पर्छ । बालकले दैनिक जीवनमा बोलीचालीमा प्रयोग गर्ने शब्दहरूको प्रयोग भएमा कथा प्रभावकारी बन्न सक्ने देखिन्छ । त्यस्तै उखान-टुक्काको प्रयोगले पनि कथालाई प्रभावकारी बनाउँदछ । बाल कथामा कथ्य भाषाको प्रयोगलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

## ङ) उद्देश्य

उद्देश्य बाल कथाको महत्त्वपूर्ण तत्त्व हो । उद्देश्य बिनाको बाल कथा हुँदैन । सुरु-सुरुमा बाजे बज्यैले बाल बालिकालाई आफ्ना नजिकमा राख्न, भुलाउन अलौकिक पात्रका माध्यमले चरित्र सुधार गर्न, ज्ञानी बनाउन, ज्ञान विज्ञानका बारेमा जानकारी दिन, सामाजिक यथार्थतासँग बाल बालिकालाई परिचित गराउन, धर्म पुराणका बारेमा थाहा दिन पनि बाल कथाको सिर्जना गर्न थालेको पाइन्छ ।

उद्देश्य निर्धारण गर्दा सबै खाले उमेर समूहका बाल बालिकाका लागि  एउटै उद्देश्य रहनु हुँदैन । त्यसैले लक्षित समूह निर्धारण गरेपछि मात्र उद्देश्य अनुरूप सिर्जना गर्न सकिन्छ ।

## च) कथोपकथन

बाल कथामा महत्त्वपूर्ण मानिने अर्को तत्त्व हो- कथोपकथन । कथोपकथनलाई संवाद पनि भनिन्छ। संवादकै माध्यमबाट कथानकले गति प्राप्त गर्दछ । कथामा पात्रको संवाद चयन गर्दा सकारात्मक संवादको प्रयोग गरिए तापनि बाल बालिकाहरूका निम्ति सरल र सकारात्मक संवादको प्रयोग गर्नु उचित हुन्छ । त्यसैले बालकले सजिलै बुझ्न सक्ने प्रकारको भाषिक संवादको प्रयोग गर्नु नै उपयुक्त हुन्छ । उचित पात्र अनुसारको सकारात्मक पक्षमा जोड दिने खालका संवादको प्रयोग हुनु राम्रो मानिन्छ । कथाको सन्देश बाल

बालिकाले सहज रूपले ग्रहण गर्न सकून् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । त्यसकारण बाल कथामा संवाद पनि एक आवश्यक तत्त्व हो भन्न सकिन्छ ।

### च) चित्र र रङ्गको व्यवस्थापन

बाल कथामा आवश्यक पर्ने तत्त्वमा चित्र र रङ्गको व्यवस्थापन नै हो । कथामा चित्र र रङ्गको खाँचो पर्दैन तर बाल काथमा चित्रको अनिवार्य आवश्यकता हुन्छ । रङ्गीन चित्र अझ प्रभावकारी मानिन्छ । चित्र कथाहरू बाल बालिकाका लागि सर्वोपयुक्त र मनोरञ्जक मानिन्छ । बाल बालिकाले कथाका संवाद पढ्दै चित्रको अध्ययन गर्दा विषयको ज्ञान छिटो हुने र स्मरण रहि रहने हुन्छ । चित्र र रङ्गको प्रयोग बाल कथामा हुँदा बालकप्रति कथा पढ्ने रुचि जगाउँछ । प्रसङ्ग अनुसारका चित्रको समावेश तथा तिनका उचित किसिमले आकर्षक शैलीमा रङ्ग भर्ने काम भयो भने यसप्रति बाल बालिकाहरू बढी आकर्षित हुन्छ । यस्ता पक्षहरू कथा नै नबन्ने त होइन, तर के मात्र हो भने बाल बालिकाका लागि लेखिएका साहित्यिक रचनाहरूमा चित्र आवश्यक नै हुन्छ भन्न सकिन्छ । यसले बाल बालिकाहरूमा गहिरो प्रभाव पार्दछ ।

यसरी बाल कथाका तत्त्वहरू उपयुक्त देखिन्छन् तापनि यसमा शीर्षक दृष्टिविन्दु जस्ता तत्त्वहरूलाई पनि समेट्न सकिन्छ । यी नै नेपाली बाल कथाका सैद्धान्तिक आधार पनि हुन् ।

### *२.१.८. आयु वर्गका आधारमा बाल कथा*

२ वर्षे उमेरदेखि किशोरावस्थाका सुरुआतसँगै बाल उमेरको अन्त्य हुन्छ । विशेष गरी पढ्न सक्ने भएदेखि १५/१६ वर्षसम्मका बाल बालिकाहरूका निम्ति बाल कथाको रचना गरिन्छ । पूर्व बाल्यावस्थाका बाल बालिकाहरूका निम्ति बाल कथा सिर्जना गरिन्छ । ५/६ वर्षको उमेरदेखि मात्र बाल बालिकाले कथा पढ्न सक्दछन् तर सुनेर भने २/३ वर्षदेखि बुझ्न सक्दछन् । २/३ वर्षदेखि १४/१५ वर्षसम्मका बाल बालिकाले पढ्ने बाल कथाको स्वरूप फरक-फरक छन् । विषय वस्तु, भाषा र आकार प्रकारका दृष्टिले पनि एकै नभई भिन्न-भिन्न किसिमका हुन्छन् । शारदा रमण नेपालको 'मुना' बाल पत्रिकामा समाविष्ट बाल कथाहरूको अध्ययन-विश्लेषण (२०६१) अप्रकाशित शोध-पत्रमा आयु वर्गलाई आधार मानी बाल कथाको विभाजन यसरी गरिएको छ-

(क) ३ देखि ६ वर्षसम्मका बाल बालिकालाई उपयुक्त रहने कथा

(ख) ६ देखि ९ वर्षसम्मका बाल बालिकालाई उपयुक्त रहने कथा

(ग) १० देखि ११ वर्षसम्मका बाल बालिकालाई उपयुक्त रहने कथा

(घ) १२ देखि १६ वर्षसम्मका बाल बालिकालाई उपयुक्त रहने कथा

त्यस्तै अच्युत शरण अर्यालले 'नेपाली बाल साहित्यको अध्ययन' (अप्रकाशित विद्यावारिधि शोध पत्र-२०५८)मा यसरी वर्गीकरण गरेका छन्-

(क) ३ देखि ६ वर्षसम्मको उमेर समूह

(ख) ६ देखि ९ वर्षसम्मको उमेर समूह

(ग) १० देखि ११ वर्षसम्मको उमेर समूह

(घ) १२ देखि १८ वर्षसम्मको उमेर समूह

यसरी विभिन्न समालोचकहरूले आयु वर्गका आधारमा बाल कथालाई वर्गीकरण गरेका छन् । यी सबैलाई आधार बनाएर आयु वर्गका आधारमा बाल कथालाई यसरी वर्गीकरण गर्न सकिन्छ-

(क) २/३ देखि ५/६ वर्षे बाल बालिकालाई हुने कथा

(ख) ६ वर्षदेखि ९ वर्षे बाल बालिकालाई हुने कथा

(ग) १०/११ वर्षे बाल बालिकालाई हुने कथा

(घ) ११ वर्षदेखि १२/१३ वर्षे बाल बालिकालाई हुने कथा

## क) २/३ वर्षदेखि ५/६ वर्षे बाल बालिकालाई हुने कथा

यस उमेर समूहमा बाल कथाहरू बाल बालिकाहरूले पढ्न सक्दैनन् र गद्यात्मक शैलीका कथा बुझ्न गाह्रो पर्दछ । उनीहरू गीति कथामा रुचि देखाउँदछन् । गीतमै कथालाई बाल बालिका पढ्न र सुन्न मन पराउँछन् । यस्ता कथाहरू अति छोटो र लयात्मक शैलीमा लेखिन्छ ।

## ख) ६ वर्षदेखि ९ वर्षे बाल बालिकालाई हुने कथा

यस उमेर समूहका बाल बालिकाहरूमा पढ्ने बानीको विकास गराउनका लागि कथाहरू पढ्न लगाउन सकिन्छ । जसले गर्दा उनीहरूको बौद्धिक स्तर हेरेर कथा सिर्जना

गर्नु पर्दछ । यस उमेर समूहका बाल बालिकाहरूका लागि परि कथा र कल्पनामूलक कथा उपयुक्त हुन्छ । यथार्थको कम निकट बाल कथाहरू विषय वस्तुको अधिक कौतुहलता र काल्पनिकताले परिपूर्ण कथाहरूमा स्वर्ग, परी, राजकुमार जस्ता उदात्त पात्र र आलौकिक पात्र-परिवेशलाई लिई साहस-चतुरता आदिको वर्णन हुन्छ ।

### ग) १०/११ वर्षे बाल बालिकालाई हुने कथा

यस उमेर समूहका बाल बालिकाहरूलाई यथार्थवादी कथा, लोक कथा, ऐतिहासिक कथा, पौराणिक कथा र वैज्ञानिक कथा मन पर्छ । कथाको परिवेश समाजलाई बनाइएको हुन्छ । लोक कथा, ऐतिहासिक कथा र पौराणिक कथामा अनि विज्ञान कथामा समाजलाई परिवेश बनाइएको हुन्छ । समाजमा हुने क्रिया-प्रतिक्रियालाई कथामा समेटी बाल बालिकालाई वास्तविकता र सत्यतर्फ लाग्ने सचेत प्रयास गरेको पाइन्छ ।

### घ) ११ वर्षदेखि १२/१३ वर्षे बाल बालिकालाई हुने कथा

यस उमेर समूहका बाल बालिकाहरू यथार्थभन्दा साहसी, पराक्रमी, वीर र रोमाञ्चक प्रकृतिका कथाहरू मन पराउँछन् । यो उमेर समूह भनेको किशोरावस्थाको संघार भएकाले यस्ता वीर र रोमाञ्चक कथा मन पराउँछन् । उनीहरू वयस्कको निकट भए पनि बाल सुलभ प्रवृत्ति देखाउने हुँदा अन्य आयु वर्गको तुलनामा केही जटिल कथा संरचना देखिन्छ भने संरचना, विषय वस्तुका दृष्टिले पनि कथा अन्य उमेर समूहका बाल कथा भन्दा जटिल र लामा देखिन्छन् ।

### *२.१.९. पाठ्य पुस्तकीय बाल कथा र पाठ्य पुस्तकेतर बाल कथा*

विशेषतः बाल बालिकाका निम्ति लेखिएका कथाहरू बाल कथा हुन् । बाल बालिकाहरूको मनोरञ्जन, ज्ञान विज्ञान, जिज्ञासा बढाउन बाल कथाले निकै सहयोग गर्दछ । बाल कथाहरू बाल बालिकाको क्षमता, स्तर रुचि र स्वभाव आदिलाई मध्य नजर गर्दै लेखिएको हुन्छ । बाल कथालाई विद्यालयमा उमेरगत हिसाबले छनोट र स्तरण गरी राखिएको पाइन्छ भने विद्यालयको पुस्तक बाहेक पनि बाल कथाहरू प्रकाशित भएको पाइन्छ । यसरी विद्यालयमा पढाइने पुस्तक पाठ्य पुस्तक हो भने विद्यालय तहको पाठ्य

पुस्तक इतर अन्य सन्दर्भ पुस्तकहरू र अन्य अन्य बाल कथाहरू पाठ्य पुस्तकेतर बाल कथा हुन् ।

यसरी पाठ्य पुस्तकीय बाल कथा र पाठ्य पुस्तकेतर बाल कथामा आकारगत हिसाबले, स्वरूपगत हिसाबले साथै प्रकार, गुण, विशेषताका आधारमा पनि समानता देख्न सकिन्छ, अपितु पाठ्य पुस्तकीय बाल कथा र पाठ्य पुस्तकेतर बाल कथाको भिन्नतालाई तुलनात्मक रूपमा यसरी देखाउन सकिन्छ –

| **समानता** | **भिन्नता** | |
|---|---|---|
| | **पाठ्यपुस्तकीय** | **पाठ्यपुस्तकेतर** |
| ▪ यी दुबै बाल बालिकाहरूका निम्ति तयार पारिएका हुन्छन् ।<br>▪ यी दुबैमा बाल बालिकालाई सुहाउँदो भाषा शैली र विषय वस्तु समावेश गरिएको हुन्छ ।<br>▪ यी दुवैमा श्यामश्वेत वा रङ्गीन चित्रको संयोजन गरिएको हुन्छ ।<br>▪ यी दुवैको मूल ध्येय मनोरञ्जन र शिक्षा प्रदान गर्नु हो । | ▪ पाठ्य पुस्तकीय बाल कथाहरू बालकको प्राथमिक सामग्री हो ।<br>▪ पाठ्य पुस्तकीय बाल कथाको उद्देश्य निश्चित तोकेर सीमाङ्कन गरिएको हुन्छ ।<br>▪ पाठ्य पुस्तकीय बाल कथामा छनोट र स्तरण गर्न गाह्रो हुन्छ। यसलाई आयु वर्गका आधारमा पनि बाल कथा समेट्नु पर्ने हुन्छ ।<br>▪ पाठ्यक्रम परिवर्तन हुना साथ पाठ्य पुस्तकीय बाल कथा परिवर्तन गर्नु पर्ने हुन सक्छ।<br>▪ पाठ्य पुस्तकीय बाल कथाहरू शैक्षिक उद्देश्य पूरा गर्न लेखिन्छ ।<br>▪ पाठ्य पुस्तकीय बाल कथामा कठिन विषय वस्तु, पात्र र भाषा शैलीको कम प्रयोग | ▪ पाठ्य पुस्तकेतर बाल कथाहरू सहायक सामग्री हो ।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा उद्देश्य निश्चित गरिँदैन<br>▪ पाठ्य पुस्तकेतर बाल कथाहरूलाई १५ वर्ष मुनिका बाल बालिका मानी समग्रमा बाल कथाहरू समेटिन्छन्।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा त्यो जरूरत पर्दैन । एक पटक प्रकाशित भएपछि त्यो संशोधन प्रायः हुँदैन।<br>▪ पाठ्य पुस्तकेतर बाल कथाहरू पढ्ने बानी बसाल्न, पढाइमा रुचि जगाउन र मनोरञ्जन दिँदै शिक्षा दिन लेखिन्छ ।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा बाल बालिकाले स्वअध्ययन गर्नु पर्ने भएकोले भाषा र भाव सरल |

| | | |
|---|---|---|
| | हुन्छ ।<br>▪ पाठ्यपुस्तकीय बाल कथामा अभ्यास खण्ड समेटिन्छ ।<br>▪ पाठ्य पुस्तकीय बाल कथामा चित्रहरू उद्देश्यकेन्द्री हुन्छ । चित्रकारको भूमिका सहायक हुन्छ ।<br>▪ पाठ्य पुस्तकीय बाल कथा पाठ्यक्रमको विषय वस्तु र उद्देश्यमा मात्र केन्द्रित रहन्छ। | हुनु पर्दछ ।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा नितान्त कथा मात्रै हुन्छ। अभ्यास समेटिँदैन ।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा चित्रमा गतिशील प्रयोग हुन्छ। बाल पत्रिका निर्माणमा चित्रकारको भूमिका स्रष्टाको जत्तिकै महत्त्वपूर्ण मानिन्छ ।<br>▪ पाठ्य पुस्तकेतर बाल कथामा बाल मनोविज्ञान, मानवीय अनुभव र प्रकृतिलाई आधार मानी स्वतन्त्र कथा रचना गरिन्छ। |

## *२.१.१०. बाल भाषाको परिचय*

भाषा विचार विनिमयको माध्यम हो । सामान्य भाषा र बाल भाषामा केही भिन्नता पाइन्छ । बालकले सहज र सरल भाषिक संयोजन भएका शब्दहरू बोल्दछन् । बाल बालिकाहरू भाषा सिकाइका क्रममा रहेका हुन्छन् । बालकले भाषा सिक्दा कठिन र जटिल उच्चारण भएका शब्द वा वर्णहरू उच्चारण गर्न सक्दैनन् । अतः उनीहरूलाई सजिलो शब्दहरू सिकाइन्छ । ती शब्दहरू नै बाल बालिकाका लागि मात्र हुन्छन् । यसरी उमेरगत हिसाबले पनि ती शब्दहरू बिस्तारै हट्दै परिपूरक भाषातर्फ अग्रसर हुन्छन् । यसरी बालकहरूले वयस्क मानिसले झैँ स्तरयुक्त भाषा बोल्दैनन् तर पनि उनीहरूको छुट्टै भाषा भने छैन । बाल भाषामा लयात्मकता, ध्वन्यात्मकता, अनुकरणात्मकता र सरलता जस्ता विशेषता पाइन्छ।

बाल भाषा अस्पष्ट ध्वनिबाट सुरु भई बयस्क भाषामा गएर परिष्कृत बन्दछ । बाल भाषा सधैं भाषान्मुख रहन्छ । यो सिकिदो अवस्थामा रहने भएकाले सिकाइमा पारिवारिक सामाजिक तथा अन्य परिस्थितिगत प्रभावकहरूद्वारा प्रभावित रहेको हुनछ । बाल भाषालाई आयु वर्गका आधारमा पनि राखेर हेर्न सकिन्छ ।

भाषाको प्रयोग बाल बालिकाहरूमा उमेर अनुसार भिन्न स्तरको हुन्छ । बाल साहित्यकारले आफ्नो रचनाहरूमा सोही आयु वर्गलाई ख्याल पुऱ्याएका हुन्छन् । बाल साहित्यको रचना खास गरी ३-६ वर्ष, ६-९ वर्ष, ९-१२ वर्ष, १२-१५ वर्ष आदि आयु वर्गका बालकको भावनात्मक तथा बौद्धिक स्तरलाई ध्यानमा राखेर गरिन्छ । (कपिल लामिछाने भाषा, बाल भाषा र बाल साहित्य, लेख, बाल साहित्य वार्षिक, २०४९ पृ.२०)

बाल भाषाको सिर्जना बाल बालिकाबाट नै भए पनि त्यो भाषालाई सार्थक बनाउने काम भने प्रौढबाटै हुन्छ । प्रौढहरूले बालकले एक पटक उच्चारण गरेका त्यस्ता ध्वनिहरूलाई एक पटक उच्चारण गरेर बालकसँगको क्रियाकलापलाई सहज बनाएका हुन्छन् ।

बाल भाषा पनि बाल बालिकाको सामाजिक, सांस्कृतिक, पारिवारिक, आर्थिक र शैक्षिक स्तर अनुरूप फरक पर्न जान्छ । उनीहरूले पाएको परिवेशको आधारमा उनीहरूमा शब्द भण्डारको विकास हुन्छ। गाउँमा बस्ने बाल बालिकाले बाँ-बाँ, मने, आइँ जस्ता बाल शब्दको प्रयोग गर्दछन् तर त्यही शब्द सहरी क्षेत्रमा बस्ने बालबालिकाले प्रयोग  गर्दैनन् र ती शब्दको अर्थ बुझ्दा पनि बुझ्दैनन् । यसरी विविध कारणले समान उमेर समूहका बाल बालिकाहरू बिच शब्द भण्डारगत रूपमा परिमाणात्मक र गुणात्मक विविधता पाइन्छ ।

### *२.१.११. बाल कथाको भाषा*

बाल बालिकाका निम्ति तयार गरिएको कथाका भाषा पनि बाल बालिकाका शब्द भण्डारगत हिसाबलाई आधार मानी तयार गर्नु पर्छ । बाल भाषालाई सामाजिक, साँस्कृतिक, पारिवारिक, आर्थिक र भौगोलिक आदि पक्षले प्रभाव पार्दछ । यसैले बाल कथाहरू यी सबै प्रभावकलाई आधार मानी तयार गर्नु पर्छ । हलो, जुवा, कुटो, आदि शब्द राख्दा सहरिया बाल बालिकाले नबुझ्न सक्छन्। यसरी सबै प्रभावकलाई ख्याल गरी बाल कथा निर्माण गर्नु पर्दछ । बाल कथालाई बाल बालिकाको निम्ति सरल रोचक, बोध्य  गराउनका निम्नि लिखित कुरामा ध्यान पुऱ्याउनु पर्दछ-

(क) शब्द संयोजनमा विचार पुऱ्याउनु पर्दछ ।

(ख) छोटो-छोटो सरल वाक्यको चयन गर्नु पर्दछ ।

(ग) उस्तै-उस्तै शब्दको पुनरावृत्ति गर्नु पर्दछ ।

(घ) बाल परिचित शब्दको प्रयोग गरिनु पर्दछ ।

(ङ) पूर्ववत् प्रसङ्गबाट बुझिने गरी कठिन शब्दको पनि प्रयोग गरिनु पर्दछ ।

(च) आयु वर्गको भाषालाई पनि ध्यानमा राख्नु पर्दछ ।

(छ) वर्ग पुनरावृत्ति गर्न सकिन्छ ।

बाल कथामा भाषामा उपयुक्त प्रयोग नै यसको प्राभावकारिता बढाउने उपाय मानिन्छ । भाषाको सुहाउँदो र आकर्षक प्रयोगबाट कथाको प्रभावकारिता झल्कन्छ । कथामा संवादको पनि उपस्थिति रहने भएकाले संवादमा प्रयुक्त वाक्यका सरल तथा छोटो हुनु पर्छ । उनीहरूका सीमित शब्द भण्डार हुन्छ । सामान्य सरल वाक्यको प्रयोगलाई मात्र स्वीकार्न सक्ने क्षमता हुन्छ । त्यसैले चिर परिचित शब्द, सरल वाक्य, सरस शैली प्रयोग गरेर कथा सिर्जना गर्नु पर्दछ । बाल बालिकालाई अबोद्य सम्झिएर झुट्टा कपोलकल्पित बेप्रयोजनका गतिहीन पलायनवादी कथाहरू प्रदान गर्दा रचनाकारले उनीहरूको सुनौलो भविष्यमाथि खेलवाड गरेको ठहर्दछ । त्यसैले बाल कथाको भाषा सुहाउदो हुनु अनिवार्य छ ।

## २.२. शब्द भण्डारको सैद्धान्तिक परिचय

### *२.२.१. शब्द परिचय*

शब्दलाई विभिन्न किसिमले चिनाइएको पाइन्छ । **'शब्द्'**मा **'अ'**(**घञ्**) प्रत्यय लागी बनेको छ । यसको शाब्दिक अर्थ 'आवाज' हुन्छ । (लुइँटेल; २०५८: पृ.१९६) स्वनिमिक र लेखीय आकारको अर्थयुक्त लघुतम् स्वतन्त्र भाषिक एकाइलाई शब्द भनिन्छ । (शर्मा; २०६३: पृ. ५५), व्युत्पतिको दृष्टिले यो संस्कृतको मूल शब्द हो । हिन्दी भाषामा पनि शब्द नै भनिन्छ । यसको अर्थ ध्वनि हो । यसको अर्को अर्थ ध्वनि उत्पन्न गर्नु हो । यसलाई अङ्ग्रेजीमा Word, डचमा Woord ग्रीकमा Liro, ल्याटिनमा Verbum भनिन्छ । यसको अर्थ मुख्य गरेर ध्वनिसँग सम्बन्धित छ । (तिवारी; २०२०: पृ. ६३४-६५५) । ध्वनि तथा ध्वनि समूह, जसले स्वतन्त्र रूपमा अर्थ प्रदान गर्न सक्छ त्यसैले भाषामा शब्द भनिन्छ । (Oxford dictionary:1471)

माथिका अर्थलाई आधार बनाएर हेर्दा **एक वा एकभन्दा बढी अक्षरहरूको सार्थक ध्वनि वा अक्षर समूहलाई शब्द भनिन्छ । शब्दहरूको विस्तृत भण्डारलाई शब्द भण्डार भनिन्छ ।**

### *२.२.२. शब्दको वर्गीकरण*

शब्दको वर्गीकरण गर्ने कुनै निश्चित आधार नभए पनि यसलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

शब्दहरू विभिन्न वर्गका हुन्छन् । यिनको वर्गीकरण अर्थ, रूप र कार्यका आधारमा गर्न सकिन्छ । व्याकरणात्मक दृष्टिले अर्थ भन्दा रूप, रूप भन्दा कार्यका आधारमा गरिएको वर्गीकरण उपयुक्त मानिन्छ (अधिकारी, २०६२, १८) । शब्द वर्गीकरण गर्ने प्रमुख स्रोत, व्युत्पति, रचना, काम र अर्थ गरी पाँच छन् ।

उपर्युक्त आधारमध्ये स्रोत र वर्गका आधारमा शब्दको वर्गीकरण गरी देखाइएको छ-

#### *२.२.२.१. स्रोतको आधारमा शब्दको वर्गीकरण*

स्रोतका आधारमा शब्द मौलिक र आगन्तुक गरी दुई प्रकारका छन् –

**(क) मौलिक शब्द**

कुनै पनि भाषाका आफ्नै स्रोतका शब्दलाई मौलिक शब्द भनिन्छ । नेपालीमा यी मौलिक शब्दहरूलाई तत्सम र तद्भव गरी दुई वर्गमा राखिएको छ । नेपाली भाषाको स्रोत संस्कृत भाषा हो ।

**(अ) तत्सम शब्द**

नेपाली भाषामा संस्कृत भाषाको स्रोतबाट जस्ताको तस्तै आएका शब्दलाई तत्सम शब्द भनिन्छ । जस्तैः ज्वाला, ऋण, कृष्ण आदि ।

**(आ) तद्भव शब्द**

संस्कृत स्रोतबाट नेपाली भाषामा आउँदा आफ्नो स्वरूपमा परिवर्तन भएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तैः आगो, दूध, अँध्यारो ,साउन आदि ।

**(ख) आगन्तुक शब्द**

संस्कृत भाषा बाहेक अन्य भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक शब्दलाई पनि दुई भागमा बाँड्न सकिन्छ-

### अ) देशज

देशभित्रकै विभिन्न भाषा तथा भाषिकाहरूबाट आएका नेपाली शब्द देशज आगन्तुक हुन्। जस्तैः पर्खाल, गुन्द्रुक, पटुका, सेलो, च्याङ्बा आदि ।

### आ) विदेशज

नेपालमा बोलिने भाषिकाहरू बाहेक विदेशी भाषाबाट आएका शब्दहरूलाई विदेशज आगन्तुक भनिन्छ । जस्तैः इनाम, मालिक, दुनियाँ, कर्फ्यु, सेमिनार आदि ।

*२. २. २. २. कार्यको आधारमा शब्दको वर्गीकरण*

शब्दले गर्ने कामका आधारमा छुट्याइने शब्दको समूहलाई शब्द वर्ग भनिन्छ । वाक्यमा प्रयोग नहुँदा एउटा वर्गमा रहने शब्दले वाक्यमा प्रयोग हुँदा अर्को वर्गको काम समेत गर्न सक्छ । त्यसैले शब्द वर्ग छुट्याउँदा शब्दले वाक्यमा गर्ने काममा ध्यान दिनु पर्छ ।

शब्दहरूको कार्यलाई यसरी वर्गमा राखेर हेर्न सकिन्छः-




### क) विकारी

रूप चल्ने वा विकार देखिने तथा रूप परिवर्तन हुने शब्दलाई विकारी शब्द भनिन्छ (अधिकारी; २०४९: १४) । विकारी शब्दलाई दुई भागमा बाँड्न सकिन्छ :-

### अ) नामिक वर्ग

विकारी वर्गमा नाम वर्ग अर्थात नामिक वर्गहरू पर्दछन् । नाम पदसँग सम्बन्धित शब्दहरू नामिक वर्ग हुन् । नाम, सर्वनाम र विशेषण नामिक वर्गमा पर्दछन् ।

### नाम

कुनै पनि वस्तु वा चिजको नामलाई नै नाम भनिन्छ । कुनै व्यक्ति, वस्तु, स्थान आदिलाई जनाउने शब्दलाई नाम भनिन्छ (न्यौपाने र अन्य; २०६७: ११३) । नाम पदावलीमा शीर्ष भएर आउने वाक्यात्मक उद्देश्य, कर्म वा पूरकका स्थानमा रहेर कर्ता, कर्म आदिको कार्य गर्ने तथा रूपायनिक कोटिका आधारमा रूपायन हुने शब्दलाई नाम भनिन्छ ।

परम्परागत व्याकरणमा नामलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :-

व्यक्ति वाचक नाम, जाति वाचक नाम, द्रव्य वाचक नाम, समूह वाचक नाम, भाव वाचक नाम (ज्ञवाली र भट्टराई; २०६१: २०-२१)

आधुनिक सन्दर्भमा नामलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

विशेष/सामान्य नाम, गणनीय/अगणनीय नाम, मानवीय/मानवेतर नाम, सजीव/निर्जीव नाम, मूर्त/अमूर्त नाम । (न्यौपाने र अन्य; २०६७: ११४)

### सर्वनाम

कुनै नाम वा व्यक्तिलाई जनाउने र त्यसको सट्टामा आउने शब्दलाई सर्वनाम भनेर छुट्याइन्छ (लामिछाने, २०६०: २६) । सर्वनाम, नाम, वाक्य, वाक्यांश वा पदावलीको सट्टा प्रयोग भएर वाक्यमा हुने पुनरुक्ति रोकी वाक्यात्मक धारणाको सन्दर्भ सङ्केत गर्ने पद हो । (ज्ञवाली र भट्टराई २०६०: २२)

सर्वनामले नामको सट्टामा प्रयोग भई वाक्यलाई छिटो र मिठो बनाउने गर्दछ ।

परम्परागत रूपमा सर्वनामलाई पुरुष वाचक, सम्बन्ध वाचक, दर्शक, प्रश्न वाचक, निज वाचक आदि उप वर्गमा बाँड्न सकिन्छ । (न्यौपाने र अन्य; २०६७: ११५) ।

### विशेषण

नामको विशेषता बुझाउन आउने नामिक पद विशेषण हो । नामलाई विशिष्टीकरण गर्ने, विशेषण पदावलीमा शीर्ष हुने, वाक्यमा विशेषक एवं पूरक भएर आउने तथा केही

रूपायनिक कोटि ग्रहण गर्ने शाब्दिक वर्गका शब्दलाई विशेषण भनिन्छ । (न्यौपाने र अन्य, २०६७: ११५) कुन, कस्को, कत्रो, कति भन्ने प्रश्नको जवाफमा आउने शब्द विशेषण हुन्छ । विशेषणले नाम वा सर्वनामको वर्णन  गर्दछ । यसले नामको अर्थलाई स्पष्ट गर्ने, सीमित गर्ने, विस्तारित गर्ने कार्य गर्दछ ।

परम्परागत व्याकरणमा विशेषणलाई गुण बोधक, सङ्ख्या बोधक, सङ्केत बोधक वा सार्वनामिक, परिमाण बोधक जस्ता उपवर्गमा विभाजन गरिएको पाइन्छ भने वर्णनात्मक, परिमाणात्मक र साङ्ख्यिक विशेषण गरी विभाजन पनि गरिएको पाइन्छ, (न्यौपाने र अन्य; ३०६७: ११५) ।

विशेषणलाई यसले जनाउने अर्थ तथा तत्सम्बन्धी कार्य अनुसार मुख्यतः छ वर्गमा बाँडिन्छ :-

गुण बोधक, सम्बन्धात्मक, भेदक, परिमाण वाचक, तुलनात्मक, सार्वनामिक (अधिकारी, २०६२: ३९-४१)

### आ) क्रिया वर्ग

क्रिया वर्ग अन्तर्गत क्रियापद पर्दछ । वाक्यलाई टुङ्ग्याउने शब्दहरू क्रिया वर्गमा पर्दछ ।

### क्रिया पद

कुनै पनि घटना, अवस्था, स्थितिको कार्य व्यापार गर्न आउने शब्दलाई क्रिया भनिन्छ । क्रियालाई वाक्यमा समापक पदका रूपमा लिइन्छ । कुनै कार्य, घटना, परिचय, अवस्था आदिलाई जनाउने पदलाई आर्थी दृष्टिले क्रियापद भनिन्छ । (न्यौपाने र अन्य, २०६७: ११५)

वाक्यको व्यवस्थामा क्रियाको केन्द्रीय महत्त्व हुन्छ । यो वाक्यमा विधेय पदावलीको शीर्ष भएर आउँछ । सामान्यतया क्रियाको अभावमा वाक्य अपूर्ण मानिन्छ । वाक्यमा आउने अन्य शब्दहरूलाई सङ्गठित गर्न यसको महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेपाली व्याकरणमा क्रियापदलाई यसरी वर्गीकरण गर्न सकिन्छ -

| आधार | प्रकार |
|---|---|
| समापकताका आधारमा | समापिका र असमापिका |
| कर्मकताका आधारमा | सकर्मक, अकर्मक, द्विकर्मक |
| अर्थ प्रधानताका आधारमा | मुख्य र सहायक |
| संरचनाका आधारमा | सरल र संयुक्त |
| पूर्णताका आधारमा | पूर्ण, अपूर्ण र पूराकापेक्षी |

## ख) अविकारी

कुनै पनि शब्दले विकार वा रूप परिवर्तन गर्दैन भने त्यो शब्द अविकारी शब्द हुन्छ । रूप नचल्नेलाई अविकारी भनिन्छ । यसमा अव्यय वर्गका शब्दहरू पर्दछन् :-

## अ) अव्यय वर्ग

रूपायित नहुने पद अव्यय हुन् । अव्ययलाई अविकारी पद भनिन्छ । अव्ययले क्रियापद, विशेषण वा नामिक पदको समेत विशेषता जनाउने, सम्बन्ध स्थापित गर्ने, स्थान, परिमाण बुझाउने काम गर्छ (ज्ञवाली र भट्टराई; २०६०: २७) ।

अव्ययलाई तिनको स्वरूप, कार्य र अर्थका आधारमा निम्न लिखित भेद गर्न सकिन्छ:-

### नामयोगी

नामिक पदसँग जोडिएर अन्य पदहरूसँग सम्बन्ध स्थापित गर्ने विभक्ति बाहेकका पदलाई नामयोगी भनिन्छ । नामयोगीले समय, स्थान, रीति, हेतु, अवधि, दिशा, अभाव आदि अर्थको अभिव्यक्ति पनि गर्छ । अर्थतात्त्विक आधारमा क्रियाको लक्ष्य, स्रोत, कारण, साधन आदि बुझाउनु तथा वितरणका दृष्टिले नाम, सर्वनामका पछाडि आउनु नामयोगी वा परस्थानिकका विशेषता हुन् (न्यौपाने र अन्य; २०६७: ११७) ।

नामयोगी निम्न लिखित छन् -

समय वाचक, स्थान वाचक, रीति वाचक, अवधि वाचक, हेतु वाचक, अभाव वाचक, विनिमय वाचक, सहार्थ वाचक (गौतम र अन्य; २०५९: ४४) ।

## क्रिया विशेषण

क्रियापदको विशेषता जनाउन आउने पदलाई क्रिया विशेषण भनिन्छ । क्रिया विशेषणलाई क्रियायोगी पनि भनिन्छ । आर्थी दृष्टिले क्रियाको स्थान, समय, दिशा, रीति, परिमाण जस्ता विशेषता बताउने पदलाई क्रियायोगी भनिन्छ भने वितरणात्मक विशेषताका आधारमा पदावलीका शीर्ष भएर आउने वाक्यका सुरुमा तथा क्रियापदको अगाडि र कहिलेकाहिँ विशेषणको अगाडि वितरित हुने पदलाई क्रियायोगी भनिन्छ (न्यौपाने र अन्य, २०६७: ११६) ।

अर्थगत सन्दर्भ र कार्यहरूमा प्रसस्त विविधता रहने हुँदा यहाँ सोही अनुसार क्रियायोगीका विभिन्न प्रकृतिहरू उल्लेख गरिन्छ (अधिकारी, २०६२: ५०-५४) ।

कालिक, स्थानिक, परिमाण, रीति वाचक, आवृत्ति वाचक, साधन/माध्यमबोधक, हेतु/कारण बोधक, परिमाण बोधक, प्रयोजन बोधक, सर्त बोधक, परिस्थिति बोधक, विपरीत बोधक, विश्मयादि बोधक ।

## विश्मयादि बोधक

केही शब्दहरूले प्रायः वाक्यका अगाडि पृथक रूपमा आई त्यसमा व्यक्त गरिएका अवधारणाहरूमाथि हर्ष, आश्चर्य, दुःख, घृणा, उपहास, सहमति वा असहमति आदि विभिन्न मनोभाव जनाउन सघाउँछन् । यस्ता शब्दहरूलाई विश्मयादिबोधक भनिन्छ (अधिकारी; २०६२: ७२) ।

वाक्यलाई मद्दत गरे पनि वाक्यात्मक अङ्गभन्दा यी अलग्गै हुने हुँदा पनि यी निपातभन्दा केही फरक देखिन्छन् ।

अबुइ ! कत्रो सर्प रहेछ ।

छि ! कस्तो गनाएको ।

## निपात

वाक्यमा प्रयुक्त निकट शब्द वा वाक्यका अर्थलाई नै द्योतन गर्ने अव्यय शब्द निपात हुन् (अधिकारी; २०६२: ६९) । यस्ता निपातले पदावली तथा वाक्यमा खास पद वा वाक्यकै अर्थलाई उजिल्याउन मद्दत गर्ने हुँदा यिनको आफ्नो अर्थ खासै छैन ।

प्रयोग क्षेत्रमा सन्दर्भबाट मात्रै यसको अर्थको अनुमान गर्न सकिन्छ ।

**संयोजक**

संयोजक भनेको संयोजन वा जोड्ने हो । कुनै रूप शब्द वा वाक्यलाई जोड्ने काम संयोजकले गर्दछ । संयोजकहरू पनि बद्ध शब्दभित्र पर्छन (अधिकारी, २०६२: ६६) ।

संयोजकलाई कार्यका आधारमा (निरपेक्ष र सापेक्ष), रचनाको आधारमा (सरल र जटिल), प्रयोगका आधार (एकल र युगल)मा वर्गीकरण गर्न सकिन्छ (न्यौपाने र अन्य, २०६७: ११७) ।

संयोजकहरू:- र, वा, अनि, जहाँ, जहिले, अनि, पनि, भनेर, किनभने आदि ।

### *२.२.३. बाल कथामा शब्द भण्डारको महत्त्व*

बाल बालिकाहरूलाई प्रविधि सीप सिकाउन र उमेर अनुसार उनीहरूको शब्द भण्डार क्षमता बढाउन जरूरी हुन्छ । जसका लागि विविध ज्ञानमूलक पुस्तकहरू पढ्न दिनु पर्दछ । बाल कथामा शब्दहरू बाल बालिकाको स्तर सुहाउँदो हुनु जरूरी हुन्छ । बाल बालिकाहरूलाई पाच्य हुने शब्द भण्डारको खाँचो पर्दछ । बालकको उमेर अनुसार उमेरको बृद्धिसँगै बाल बालिकाहरूमा शब्द भण्डारमा पनि बृद्धि हुँदै जान्छ ।

ग्रेगोरी, पियाजे, स्टर्न लियोपोल्ड, केयर र ग्रेसरको अध्ययनका आधारमा डब्लु-एफ म्याकेले प्रस्तुत गरेको बालकको भाषा विकासलाई यस प्रकार तालिकामा देखाउन सकिन्छ:-

| समय/उमेर | बोध क्षमता | अभिव्यक्ति क्षमता |
|---|---|---|
| २ वर्ष | आदेश बुझ्नु, धेरै शब्दहरू बुझ्नु | दुई शब्दे वाक्य प्रयोग गर्नु, विशेष प्रकारको बोली बोल्न छाड्नु, शब्द भण्डार बृद्धि हुनु । |
| ३ वर्ष | भूतकालिक वाक्यको प्रयोग गर्नु, प्रश्नबोधक हुनु । | शब्द भण्डारमा तीव्र बृद्धि, व्याकरणात्मक वाक्यको प्रयोग गर्नु, अनुभव बताउनु । |
| ४ वर्ष | बोध क्षमता बढ्नु, समयावधिको भिन्नता बुझ्न नसक्नु । | प्रौढ भाषाको प्रयोग गर्नु, बोलीमा परिपक्वता देखिनु । |
| ५ वर्ष | बाल्यकालका घटना बुझ्नु, दुई हजार भन्दा बढी शब्द बुझ्नु । | छोटो र टिप्पणीमूलक प्रतिक्रिया दिनु, जटिल वाक्य प्रयोग गर्नु, शब्द भण्डारमा विकास हुनु । |

| | | |
|---|---|---|
| ६ वर्ष | बोलीमा पूर्णता हुनु, पढ्न थाल्नु, शब्द भण्डार बृद्धि गर्नु । | बोलाइ सीपको विकास हुनु, अभ्यास गर्दै जानु, सिकेका नयाँ ढाँचा सम्झँदै जानु । |

(स्रोतः- पारस मणि भण्डारी, सामाजिक तथा मनोभाषा विज्ञान, २०६५, पृ. १११ ।)

बाल बालिकाको शब्द भण्डार कति हुन्छ भन्ने विषयमा यिनै विद्वानहरूले प्रस्तुत गरेका तथ्याङ्कहरू प्रस्तुत गर्न खोजिएको छ । दुई वर्षदेखि आठ वार्षसम्मको शब्द भण्डारको बृद्धि दरलाई छ/छ महिनाको अन्तरमा प्रस्तुत गरिएको छः-

| **उमेर/वर्ष** | **स्मिथ(सन् १९२६)** | **वेरी (सन् १९६९)** | **क्रिस्टल** |
|---|---|---|---|
| २–२$\frac{१}{२}$ वर्ष | - | २७२ | ४०० |
| २$\frac{१}{२}$–३ वर्ष | ८९६ | ४४६ | ८५० |
| ३-३$\frac{१}{२}$ वर्ष | - | - | १२०० |
| ३$\frac{१}{२}$–४ वर्ष | १५४० | १५४० | १५०० |
| ४-४$\frac{१}{२}$ वर्ष | - | - | १८०० |
| ४$\frac{१}{२}$–५ वर्ष | - | २०७२ | २००० |
| ५-५$\frac{१}{२}$ वर्ष | - | - | २२०० |
| ५$\frac{१}{२}$–६ वर्ष | - | २५६२ | २४०० |
| ६-६$\frac{१}{२}$ वर्ष | - | - | २६०० |
| ६$\frac{१}{२}$–७ वर्ष | - | ४००० | - |
| ७-७$\frac{१}{२}$ वर्ष | - | ६००० | - |
| ७$\frac{१}{२}$–८ वर्ष | - | ८००० | - |

(स्रोतः- पारस मणि भण्डारी, सामाजिक तथा मनोभाषा विज्ञान, २०६५: पृ. ११२)

यसरी बाल कथामा बाल बालिका सुहाउँदो शब्दहरूको खाँचो पर्दछ । बालकको भाषा ठाउँ परिवेश सुहाउँदो हुनु पनि जरूरी छ। सहरमा बस्ने बालबालिकाले पढ्ने कथामा हलो, जुवा, कोदाली, खुर्पा, हँसिया आदि शब्दहरू राख्नु अनुपयुक्त देखिन्छ । यिनीहरूलाई सकभर कम प्रयोगमा ल्याउनु पर्छ । सबै परिवेशमा हुर्केका बालबालिकालाई ग्राह्य हुने शब्दहरूको चयन गर्नु पर्दछ । माथिको तालिकामा उमेर अनुसार शब्द भण्डार क्षमतामा क्रमशः बृद्धि हुन गएको देखाइएकोले पनि बाल कथाका प्रयुक्त शब्दहरू कम्तिमा एक चतुर्थांश शब्दहरू कठिन राख्नु पर्दछ । जसले गर्दा थप शब्दहरूको ज्ञान हुन्छ । शब्द भण्डारमा बृद्धि हुन्छ ।

बाल कथामा शब्दहरूलाई राख्दा बालकको उमेर, रुचि, तह र क्षमता जस्ता पक्षलाई ख्याल गर्नु पर्दछ । उनीहरूको भाषिक क्षमता ज्ञानात्मक क्षमतालाई विशेष ध्यान दिनु पर्दछ। बाल कथामा शब्दहरूलाई राख्दा नामिक पदहरू बेशी राख्नु उपयुक्त हुन्छ साथै अनुकरणात्मक शब्दहरूको प्रयोग पनि राम्रो मानिन्छ । बाल भाषालाई ख्याल गरी शब्दहरूको छनोट गर्नु उपयुक्त देखिन्छ।

अतः बाल कथामा शब्द भण्डारको ज्यादै महत्त्व देखिन्छ । बालकको चौतर्फी विकासका निमित्त पनि बालबालिकाको क्षमता सुहाउँदो शब्द भण्डारको चयनले बाल कथालाई रोचक मात्र नभई फलदायी र उद्देश्यमूलक बनाउँछ ।

# परिच्छेद-तिन

## 'मुना' बाल पत्रिकामा प्रकाशित बाल कथाको स्वरूपगत विश्लेषण

### ३.१. सन्दर्भ

२०६७ सालको **'मुना'** बाल पत्रिकाको बैशाख अङ्कदेखि चैत महिनासम्मको बाह्र अङ्कको विषयगत भिन्नता, सङ्क्षिप्तताका आधारमा प्रत्येक अङकका तिन/तिन ओटा, बाल कथाकारहरूद्वारा रचित बाल कथाहरू मात्र लिइएको छ। बाल कथाहरूलाई स्वरूपगत आधारमा विभिन्न तरिकाले हेरे पनि यस शोध पत्रमा तत्त्वगत आधार लिएर बाल कथाको स्वरूपहरूको निर्धारण गरिएको छ । यसरी छत्तिस ओटा कथाहरूलाई **कथानक, पात्र, परिवेश, भाषा शैली, उद्देश्य, संवाद, चित्र र रङ्गको व्यवस्थापन** आदि आधारमा विश्लेषण गरिएको छ । यसरी बाल कथाहरूको विश्लेषण गर्दा सङ्क्षिप्ततालाई र विषयगत भिन्नतालाई आधार मान्दा शीर्षकीकृत बाल कथाहरू सहित केही अङ्कका **'शीर्षक के हो ?'** जस्ता कथाहरू समेत परेका छन्। शीर्षक प्रश्नार्थक भए पनि यस शोधको सीमाङ्कन भित्र ती कथाहरू परेकाले **'शीर्षक के हो ?'** जस्ता कथाहरूको विश्लेषण पनि गरिएको छ।

बाल कथाहरूलाई स्वरूपगत आधारमा यसरी विश्लेषण गरिन्छ :-

#### *३.१.१. कथानक*

२०६७ को **'मुना'** पत्रिकामा प्रकाशित बाल कथाहरूको विश्लेषण गर्ने क्रममा प्रत्येक अङ्कका कथाका विषयगत भिन्नता र सङ्क्षिप्ततालाई आधार मानिएको छ । प्रत्येक अङ्कका तिन/तिन ओटा कथाहरूलाई लिएर विश्लेषण गरिएको छ । ति छत्तिस ओटा कथाहरूको कथानकलाई यसरी तालिकीकरण गरिएको छ :-

| क्र.सं. | बाल कथाको शीर्षक र प्रकाशित अङ्क | सन्दर्भ | कथानक | कैफियत |
|---|---|---|---|---|
| १. | जामुनेको प्रगति (बैशाख) | पार्थ गुरूद्वारा रचित यस कथामा नेपालका गरिबहरूका सन्तान शिक्षा लिनबाट बञ्चित रहेको र अवसर पाए गरेर देखाउने सन्दर्भ लिई लेखिएको । | **आदि-** नेपालको कुनै गाउँमा रतनलाल भन्ने मान्छे बस्नु, गरिब भएर छोरालाई पढाउन नसक्नु,<br>**मध्य-** एक दिन शिक्षकले विद्यार्थी स्कुल भर्ना गर्न घर दैलो कार्यक्रममा हिँड्दा जामुने फेला पारी स्कुल आउन आग्रह गर्नु, गरिबीले स्कुल नगएको थाहा पाएर उसलाई स्कुल बोलाउनु,<br>**अन्त्य-** जामुने छात्रवृत्तिमा पढ्न पाएपछि मिहिनेत गरेर पढी एसएलसी.मा प्रथम श्रेणीमा पास भई सोही स्कुलमा शिक्षक नियुक्त हुँदा बुबा रतनलाल खुसी हुनु । | |
| २. | चतुरेको जुक्ति (बैशाख) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा घरमा आएका चोरहरू समात्न बुढाबुढी बिच झगडा निम्त्याएको जुक्तिलाई इङ्गित गरिएको । | **आदि-** चतुरे घर ढिलो आउनु, त्यसपछि उसको श्रीमतीसँग झगडा पर्नु,<br>**मध्य-** घर झगडा गाउँलेले सुनेर त्यहाँ आउँदा एक अर्कालाई दोषी ठान्नु, दुबैले गाउँलेको वा जसले झगडा देखेको छ त्यो मान्छेको निर्णय स्वीकार्ने कुरा बताउनु, मध्यरातमा झगडा गरेको देख्ने मान्छेको रहेछ भनी बुझ्दा चतुरेले लुकेका चोरहरूलाई देखाइ दिनु र चोर समातिनु ।<br>**अन्त्य-** चोरलाई पुलिसका जिम्मा लगाउनु र चतुरेको बुद्धि देखेर सबै गाउँले छक्क पर्नु । | |

| | | | | |
|---|---|---|---|---|
| ३. | रमाको औंठी (बैशाख) | तारावदन श्रेष्ठद्वारा लिखित यस कथामा मान्छेले उमेर र अवस्था अनुसार अनि समय र परिस्थिति अनुसार चल्नु पर्ने कुरालाई सङ्केत गरिएको । | **आदि-** रमा ७ औं वर्षको प्रवेशसँगै जन्मदिन मनाइ रहँदा दिदीले औंठी ल्याइ दिनु, **मध्य-** हात धुन जाँदा औंठी रच्छ्यानमा खस्नु, उसले टिप्न लाग्दा औंठी उफ्रेर चोंक, फुलदानी, कोठा र दराजमा पस्नु, **अन्त्य-** उसले औंठी समात्न लाग्दा औंठीले 'ठूली भएपछि लगाउनु है' भनेर रमालाई भनेपछि टाउको हल्लाइ साथीहरूसँग खेल्न बाहिर निस्कनु । | |
| ४. | भरे के खाने ? (जेठ) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा मुख भन्दा हात बढी चलाउनु पर्ने कुरालाई सङ्केत गरिएको । | **आदि-** हतारमा सेते खरायोको राते स्यालसँग भेट हुँदा स्यालले गफ हाँक्नु, खरायो खाना खोज्न टाप कस्नु, त्यत्तिकैमा काले भालु आउनु, पुनः स्यालले गफ हाँक्नु, भालु पनि खाना खोज्न टाप कस्नु, रङ्गीचङ्गी मुजुरलाई पनि भेटेर गफ दिँदा ऊ पनि हिँड्नु, स्याल फत्फताइ रहनु । **मध्य-** एकछिन पछि सेते खरायो, काले भालु, रङ्गीचङ्गी मुजुर खाने कुरा खोजेर आउनु । **अन्त्य-** त्यसपछि बल्ल राते स्यालले कुरै कुरामा काम बिर्सेको बताउनु, भरे के खाने ? भन्ने समस्याले सताउनु । | |

| | | | | |
|---|---|---|---|---|
| ५. | मनचिन्ते रूख (जेठ) | राम विक्रम सिजापतीद्वारा लिखित यस कथामा 'लोभले लाभ, लाभले विलाप' भन्ने उखानलाई चरितार्थ गरिएको । | **आदि-** गौशाला गाउँमा गरिब मान्छे बस्नु, खानाको निकै समस्या रहनु ।<br>**मध्य-** एक दिन गाउँका रामे, श्यामे र हरि कमाउन विदेश हिँड्नु, रातमा रूखमुनि बास बसी खान र बस्नका लागि ईश्वरलाई पुकारा गर्दा रूखबाट खाना, कपडा र गहना वर्षिनु तर गहना त्यहीँ छोडेर हिँड्नु, श्यामे लोभी हुनु, अर्को पटक त्यसरी नै तिनै जना त्यहीँ बास बसी खान पाउनु, गहना पनि पाउनु तर छाडेर हिँड्नु ।<br>**अन्त्य-** लोभी श्यामे राती आएर रूख काटेर सबै गहना लिन आउनु, रूख काट्दा सर्पहरूले डस्नु । | |
| ६. | चतुरेको चर्तिकला (जेठ) | गोरख बहादुर सिंहद्वारा लिखित यस कथामा समयको महत्त्व नबुझ्नेलाई जुक्ति लगाएर समयसँगै चल्न आग्रह गरिएको । | **आदि-** नेपालगञ्जमा सरकारी जागिरे मामासँग चतुरे भान्जाले पढ्नु, जाजरकोटको शिक्षक तालिमको सिलसिलामा त्यहीँ बस्नु, उनैले खाना बनाउनु ।<br>**मध्य-** मिठो खाना नपकाए पनि पोमु सर अल्छी नमान्नु तर ढिलो पकाउनु, खाना ढिलो पाक्दा मामा र भान्जालाई जागिर र स्कुल जान ढिलो हुनु, ९ बजेपछि खाना बनाउने पोमु सरलाई चतुरेले जुक्ति लगाएर चाँडै खाना बनाउन लगाउनु ।<br>**अन्त्य-** पोमु सर घर फर्कने बेलामा ९ बजेको समाचार रेकर्ड गरी सुनाउँदा चाँडै खाना पकाएको खुलासा गर्दा सबै दङ्ग पर्नु, सुस्तारामलाई चुस्ताराम बनाएकोमा चतुरेलाई धन्यवाद दिइ हाँस्नु । | |

| | | | | |
|---|---|---|---|---|
| ७. | पैसा नै सब थोक होइन (असार) | बिमल भौकाजीद्वारा रचित यस कथामा पैसाले सब थोक किन्न सकिन्छ भन्ने गलत धारणालाई पुष्टि गरिएको । | **आदि-** अरूण सपनामा अमेरिका पुग्नु ।<br>**मध्य-** अमेरिकाको रमझममा भुल्नु, नेपाललाई बिर्सनु, त्यहीँ धन प्रशस्त कमाउनु, एक दिन भऱ्याङबाट तल झर्दा लड्नु ।<br>**अन्त्य-** ऊ लडेर 'आमा' शब्द उच्चारण गर्नु र सपनाबाट बिउँझिनु र आमालाई सारा सपनाको कहानी बताउँदा आमाले माया, ममता पैसाले किन्न नसकिने भन्नु । | |
| ८. | होच्याउन खोज्दा (असार) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा घमण्ड र होच्याउने प्रवृत्तिले आफैलाई आघात पर्ने कुरालाई दर्शाइएको । | **आदि-** मिथिला दरबारमा गोनु झाको साथमा पल्टु बस्नु, गोनु झालाई कपटी पल्टुले होच्याउनु, उसलाई होच्याउन एक दिन सभामा आफ्नो आँखा बन्धक राखेर गोनु झाले ऋण लिएको र ऋण फिर्ता गर्दा आँखा फिर्ता नपाएको बताउनु, सभामा सबै अलमलमा पर्नु, गोनु झाले पनि फसाउन खोजिएको थाहा पाई बाह्र हजार माग्नु ।<br>**मध्य-** चार दिनको समय सीमामा पल्टु पैसा लिएर आउँदा झाले पनि विभिन्न जनावरको आँखा लिएर आई चिनेर लैजान आग्रह गर्नु, पल्टुले त्यहाँ नभएको भनेपछि गोनु झाले आँखा आफूले तौलिएर लिएको बताउँदा अर्को आँखा पनि गुम्ने भयले पल्टु कुलेलाम ठोक्नु ।<br>**अन्त्य-** राजाले गोनुलाई होच्याउन खोजेको थाहा पाएर पल्टुलाई दरबारबाटै निकाल्नु र गोनु झालाई पुरस्कार दिनु । | |

| | | | | |
|---|---|---|---|---|
| ९. | बाह्रो बर्डिवा (असार) | कृष्णराज सर्वहारीद्वारा सङ्कलित यस थारू लोक कथामा थारू समुदायको लोक विश्वासलाई सङ्केत गरिएको । | **आदि-** धेरै वर्ष पहिले बर्डिवा (गाई-ग्वाला) गाई चराउन वनमा जाँदा गुरै गरेको खेल्नु ।<br>**मध्य-** कुशको पातले घाँटी रेट्दा अकस्मात रगतको खोलो बगी सबैको मृत्यु हुनु ।<br>**अन्त्य-** यही किम्बदन्ती अनुसार बर्दियाको नामाकरण गरिएको, प्रत्येक मङ्सिर शुक्ल पञ्चमीका दिन गुरूवाहरूको सम्झनामा गुरै र अखरिया गर्नु । | |
| १०. | चतुरेको चतुरता (साउन) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा आफूलाई फसाउन खोज्नेको विरूद्धमा चतुरता प्रदर्शन गरिएको । | **आदि-** राजाको सल्लाहकारमा नियुक्त भएको चतुरेलाई निकाल्न अन्य भारदारले षड्यन्त्र रची राजालाई परीक्षा लिन लगाउनु ।<br>**मध्य-** एउटा वाक्य भन्न लगाई त्यो वाक्य साँचो भए गोली ठोक्ने र झुठो भए झुण्ड्याएर मार्ने बताउनु, त्यसपछि चतुरेले "मलाई झुण्ड्याएर मार्दै हुनु हुन्छ" भन्ने वाक्य बोल्दा सबै तिरिमिरि हुनु ।<br>**अन्त्य-** चतुरेको चतुरता देखेर राजाले स्याबासी दिनु, उसको रिस गर्ने भारदारहरू हेरेको हेर्‍यै हुनु । | |

| | | | | |
|---|---|---|---|---|
| ११. | शीर्षक के हो ?<br>(साउन) | प्रेम तिवारीद्वारा लिखित यस कथामा अर्काको लहै लहैमा हिँड्न नहुने र बुद्धि पुऱ्याएर काम नगरे ज्यादै जोखिममा पर्ने कुरालाई सङ्केत गर्न खोजिएको । | **आदि-** कुनै गाउँमा फुर्के नामक केटो बस्नु, चञ्चले ऊ अरूको उक्साहटमा जोखिमपूर्ण काम पनि गर्न तम्सनु ।<br>**मध्य-** कक्षा ८ मा फेल भएपछि घरमै खेती किसानी गरेर बस्नु ।<br>**अन्त्य-** एक दिन अरूको लहै लहैमा लागेर नदीमा माछा मार्न जानु, माछा लिएर किनारतर्फ आउँदा ठूलो माछाले पानीमुनि तानेर बेपत्ता पारिदिनु । | |
| १२. | मेरो साथी पुतली<br>(साउन) | देवेन्द्र प्रसाद उप्रेतीद्वारा लिखित यस कथामा आत्मीयतालाई बालापनको उत्कर्षका रूपमा सङ्केत गरिएको । | **आदि-** जिज्ञासु खेल्ने साथी खोज्दै तल आँगनमा चिप्लिँदै फुलबारीमा पुतली देखी उतै पुग्नु ।<br>**मध्य-** फुलबारीमा विभिन्न थरीका पुतली देखेर समात्न खोज्दा लड्नु र गुलाबको काँडाले घोच्नु, तापनि समातेरै छाड्नु ।<br>**अन्त्य-** पुतलीको पखेटामुनि घाउ देखे पछि आमालाई बोलाउँदा आमाले उसलाई खाना खान बोलाउनु र पुतलीलाई आफैले हेरचाह गरिदिने कुरा बताउनु । | |
| १३. | शीर्षक के हो ?<br>(भदौ) | लक्ष्मी गुरागाईंद्वारा लिखित यस कथामा 'भोजन भन्दा भोक मिठो' भन्ने उखानलाई पुष्टि गर्न खोजिएको । | **आदि-** सेउती खोला किनारमा साधु बस्नु, उसलाई गाउँलेले खाना ल्याइ दिनु ।<br>**मध्य-** एक दिन बालकले घरबाटै मकै र भट्मास लिएर जाँदा साधुले एकै छिनमा त्यो लड्डु र पेडा भएपछि खाने बताउँदा बालक अचम्म मान्दै | |

| | | | | |
|---|---|---|---|---|
| | | | हेरि रहनु । <br> **अन्त्य-** साधुले बारीमा काम गरेर आएपछि मकै र भटमासलाई लड्डु र पेडा भनी खानु र भोजन भन्दा भोक मिठो भएको बताउनु । | |
| १४. | आमा र छोरा (भदौ) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा आमाको ममता र सरसफाईलाई सन्दर्भाङ्कन गरिएको । | **आदि-** सौरभले नङ कोट्याउनु, अल्छी हुनु, आमाले गाली गर्दा समेत आमा नै नभइ दिए आफूलाई मज्जा हुने कुरा सोच्नु । <br> **मध्य-** त्यत्तिकैमा आमाले घर छाडेको र आफू मज्जाले टि.भी. हेरेको, होमवर्क गर्न नपरेको, सरसफाई गर्न नपरेकोमा खुसी हुनु । <br> **अन्त्य-** त्यही फोहोरले गर्दा कन्याउँदा घाउ भई रुनु र आमालाई बोलाउँदा सपनाबाट बिउँझिनु, त्यसपछि खराब आचरण नगर्ने प्रतिज्ञा गर्नु । | |
| १५. | बुद्धिको चमत्कार (भदौ) | प्रकाश प्रसाद उपाध्यायद्वारा लिखित यस कथामा आफ्नो पीडालाई लुकाएर भए पनि बुद्धि र धैर्यले काम गरे ज्यान बचाउन सकिने कुरा गरिएको । | **आदि-** छट्टु स्यालले गाउँमा पसेर कुखुरा खाने उपाय खोज्नु र कुकुर पाल्दा कुखुरा हराउने क्रम रोकिनु । <br> **मध्य-** स्यालले उपाय रची अर्को स्याललाई कुखुरा समात्न पठाउँदा गाउँलेले समात्दा छट्टु स्याललाई पुनः कुखुरा चोर्न पठाउनु र समातिनु । <br> **अन्त्य-** छट्टु स्याललाई पीडा दिन बाँधेरै ढुङ्गामा लतार्दा आनन्द भएको कुरा गरी गाउँलेले दुबोमा लतार्नु अनि हिलो भएकाले मान्छे लड्नु सोही बेला स्याल भाग्नु । | |

| | | | | |
|---|---|---|---|---|
| १६. | भँगेराको गुँड (असोज) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा 'काम साँचे आफूलाई खाना साँचे अरूलाई' भन्ने उखानलाई चरितार्थ गरिएको। | **आदि-** गहुँ बारीमा भँगेराले सुरक्षित गुँड बनाउनु।<br>**मध्य-** किसान आएर गहुँ पाकेकाले छिमेकी र साथीहरूलाई बोलाएर काट्ने कुरा सौँच्दा बचेरालाई भँगेराले नआत्तिन आग्रह गर्नु तर आफै काट्न तम्सिँदा गुँड सार्ने निधो गर्नु।<br>**अन्त्य-** त्यसपछि जसले आफ्नो काम आफै गर्छ त्यो पूरा भएरै छाड्छ भनी बचेरालाई आफ्नो काम आफै गर्न र अरूको भर नपर्न भन्नु। | |
| १७. | शीर्षक के हो ? (असोज) | सुधा भट्टराईद्वारा लिखित यस कथामा स्वार्थी प्रवृत्तिले आफैलाई धोका दिने कुराको सङ्केत गरिएको। | **आदि-** हजुर आमाले कथा सुनाएको प्रसङ्ग कोट्याउँदै खोलापारि हाँस, कुखुरा खान पल्केको स्यालले हात्तीसँग मिलेर खोला तर्नु, स्यालले हाँस कुखुरा खानु र हात्तीले केराको बोट खानु।<br>**मध्य-** एक दिन आफूले टन्न खाएर हल्ला गर्दा गाउँलेहरू आएर हात्तीलाई पिट्नु, स्याल भाग्नु।<br>**अन्त्य-** त्यसपछि खोला तर्ने बेलामा स्याल हात्तीको पिठ्यूँमा बसेर पारि तर्न लाग्दा हात्तीलाई रिस उठी नदीको बिचतिर पुगेर हात्ती पानीमुनि डुबि दिनु र स्याललाई नदीले बगाउनु, हात्ती उठेर जङ्गलतिर लाग्नु। | |

| | | | | |
|---|---|---|---|---|
| १८. | भविष्यवाणी (असोज) | मूल लेखक ओरेटें सियों लैंडो र नेपाली अनुवादक रामविक्रम सिजापतीद्वारा लिखित यस कथामा घमण्ड र मपाइँले कुनै दिन आफ्नै विनाश गर्ने सन्दर्भलाई इङ्गित गरिएको । | **आदि-** धेरै वर्ष अघि इटालीमा ऊगो-दा-सान्ता-सोफिया नामक मान्छे जोतिष हुँदा भविष्यवाणीको घमण्ड गर्नु ।<br>**मध्य-** खेतमा बसिरहँदा काराबोतो आएर छिट्टै आँधीबेहेरी आउन लागेकोले फसल सुरक्षित पार्न आग्रह गर्दा नपत्याउनु र केही छिनमै आँधीबेहेरी आई सबै फसल सखाप पार्नु ।<br>**अन्त्य-** आफू जोतिषलाई समेत थाहा नभएको कुरा काराबोतोलाई थाहा हुँदा ऊगो अचम्ममा पर्नु र सोध्नु, गधाले, कुखुराले, डलफिनले खतरा र प्राकृतिक विपत्तिको सूचना दिने कुरा बताउँदा ऊगो नाजवाफ हुनु । | |
| १९. | मङ्गले (कात्तिक) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा खराब बानी सुधार्न आत्मैबाट प्रयास गर्नु पर्ने मुखले मात्रै ठिक्क पार्दा अर्थहीन र शून्य सुधार हुने सन्दर्भलाई सङ्केत गरिएको । | **आदि-** मङ्गले जति बेला पनि र जति पनि खानु, मोटो हुनु, सबैले गिज्याउनु ।<br>**मध्य-** मोटो शरीरले गर्दा खेल्न नसकी साथीको झोला कुरेर बस्नु, त्यही पीरले खाइ रहने बानी आमाले आग्रह गर्दा स्वीकार्नु ।<br>**अन्त्य-** वस्तुको ढोका बन्द गर्न जाँदा पाहुनालाई पकाएको खानेकुरा देखी खान थाल्नु, आमोल उसको बानी देखेर दिक्क मान्नु । | |

| | | | | |
|---|---|---|---|---|
| २०. | शीर्षक के हो ?<br>(कात्तिक) | सुदर्शन अधिकारीद्वारा लिखित यस कथामा मिहिनेतले सफल पार्न सघाउने र मिहिनेतले बालुवामा सुन फलाउन सकिने सन्दर्भलाई सङ्केत गरिएको । | **आदि-** मैना विपन्न परिवारकी भए पनि अध्ययनमा उत्कृष्ट हुनु, पढाइमा मात्र नभई स्वास्थ्य र खानपानमा समेत उचित ज्ञान हुनु ।<br>**मध्य-** एस.एल.सी. परीक्षामा जिल्ला प्रथम भई पुरस्कृत हुनु, उच्च शिक्षा पनि आफ्नै स्कुलबाट लिनु, पल्लो गाउँमा प्राथमिक तहमा महिला शिक्षकको माग हुँदा उनैलाई छनौट गर्नु ।<br>**अन्त्य-** उनको जागिरले घर चलाउन सहज हुनु, उनको लगनशीलता र प्रगतिले सबैको प्रिय र उत्कृष्ट हुनु । | |
| २१. | अभिभाकको कर्तव्य<br>(कात्तिक) | प्रेम तिवारीद्वारा लिखित यस कथामा अभिभावकको दायित्वबोध गराइएको । | **आदि-** सहर नजिकै सोम शर्माको ३ जनाको परिवार बस्नु, पण्डित्याइँ गर्ने सोमको छोरो सुपल्ब प्राथमिक तहमा राम्रो पढाइ भए पनि नि.मा.वि. तहमा पढाइ बिग्रनु, खराब सङ्गत हुनु ।<br>**मध्य-** एक दिन सुपल्बको मामाको छोराको ब्रतबन्धमा जान लाग्दा बाबुको हत्या गर्ने योजना बनाउनु, बाबु भने छोरालाई लिएर मात्र ब्रतबन्धमा जाने भनी कुर्नु, त्यसपछि आफूलाई बुबाले गरेको मायालाई देखेर पश्चाताप गर्नु ।<br>**अन्त्य-** आमा बाबुको माया छोरा छोरीप्रति गहिरो हुने बताउँदै सँगै मावली जानु र उनीहरूको परिवार सुख र आनन्दले रहनु । | |

| | | | | |
|---|---|---|---|---|
| २२. | कञ्जुस राजा (मङ्सिर) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा मौकामा हिरा फोर्नु पर्ने र कञ्जुस हुन नहुने कुरालाई सङ्केत गरिएको । | **आदि-** कुनै देशमा बाबुको मृत्युपछि राजगद्दी छोराले सम्हाल्नु, चाहिने काममा समेत पैसा खर्च नगर्दा रजौटा दुःखी हुनु ।<br>**मध्य-** राजालाई खुसी पार्न उसको बुबा मरेकोमा दुःख र ऊ राजा भएकोमा खुसी व्यक्त गर्दा झन् रिसाउनु ।<br>**अन्त्य-** चतुरेको सल्लाहमा सबै जना राजाकहाँ गई आवाज ननिकाली कराउनु, राजा छक्क पर्नु र आफू राजा भएकोमा खुसी कि बुबा मरेकोमा दुःखी भएको भनी सोध्दा सबैले जे सोचे त्यही हो महाराज भन्दा चतुरेको जालमा परेर गल्ती स्विकारी माफी माग्नु । | |
| २३. | शीर्षक के हो ? (मङ्सिर) | शिव प्रसाद तिमिल्सिनाद्वारा लिखित यस कथामा घमण्ड र जिद्दी गर्दा दुर्घटना हुन सक्ने र बाल बालिकाहरूलाई पुल्पुल्याएर पाल्न नहुने कुरालाई सङ्केत गरिएको । | **आदि-** आमा बाबुको एक्लो छोरो रोशन पुल्पुल्याएर पालिनु राम्रो काममा प्रशंसा गर्नु तर नराम्रो कामको आमा बाबुले ढाकछोप गर्नु ।<br>**मध्य-** ऊ विस्तारै बिग्रन थाल्नु, एक दिन बुबाले सम्झाउँदा रिसले छतमा गई खस्नु, अस्पतालमा डाक्टरलाई उसको बानी बताउँदा जे मागे पनि र जे गरे पनि हुने छाप परेको भनेपछि आमा बाबुको आँखा खोलिनु।<br>**अन्त्य-** रोशनलाई पनि सम्झाउनु र त्यसतो गल्ती नगर्ने वाचा गर्दै माफी मागी त्यस दिनपछि कहिल्यै नरिसाउनु । | |

| | | | | |
|---|---|---|---|---|
| २४. | रङ्गीन माछा (मङ्सिर) | दिपक सापकोटाद्वारा लिखित यस कथामा कुनै पनि प्राणीलाई आफ्नो स्वार्थ पूरा गर्न अन्य जीवलाई दुःख र हत्या गर्ने प्रवृत्तिको विरोध गरिएको | **आदि-** काठमाडौं नजिकैको गाउँमा रमेशको परिवार बस्नु, सानैमा आमा गुमाएको रमेशलाई बुबाले माया गरेर हुर्काउनु, स्कुलबाट साथीहरू पौडी खेल्न जानु ।<br>**मध्य-** साथीहरू पौडी नखेली माछा मार्नु र आगोमा पोली माछा खानु, त्यो देखेर रमेश रुन थाल्नु ।<br>**अन्त्य-** पछि पश्चातापमा परी घर पुगेर बुबालाई सबै कुरा भनी रुनु, बुबाले गर्न नहुने काम गरेको भए पनि अब नगर्न भन्दा उसले प्रतिज्ञा गर्नु । | |
| २५. | रोशन मुसुक्क हाँस्यो (पुस) | तारा वदन श्रेष्ठद्वारा लिखित यस कथामा आफ्नो सामानको जतन र सुरक्षा गर्ने कुरामा सचेत गराइएको। | **आदि-** रोशन स्कुलबाट घर आएर ब्याग, कमिज, पाइन्ट, टाई, कार्ड, जुत्ता र झोला आदि अस्तव्यस्त र छरपस्ट पारी फाल्नु ।<br>**मध्य-** विद्यालयका ती सामानहरूले आफ्नो जतन नगरेकोमा दुःखेसो गर्नु ।<br>**अन्त्य-** आमाले बोलाएको सुनेपछि ऊ झस्केर सम्पूर्ण सामान मिलाउन थाली मुस्क्क हाँस्नु । | |
| २६. | टाटे खरायोको ल्यापटप (पुस) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा आधुनिक प्रवृत्तिको प्रयोगलाई देखाइएको । | **आदि-** टाटे खरायो ल्यापटपमा जाडोमा घाम ताप्दै च्याट गर्नु, आमाले हिंस्रक जनावरको आक्रमण हुने बताउँदा वास्ता नगर्नु ।<br>**मध्य-** भालुले खरायो देख्दा र आक्रमण गर्न जाँदा खरायो प्वालमा पस्नु, भालु दङ्ग पर्नु ।<br>**अन्त्य-** भित्र पसेर सबै खरायोलाई बोलाएर ल्यापटपमा हेर्दा भालु प्वाल नजिकै कुरेको देखिनु, यो प्रविधि देखेर सबै खुशी हुनु र जीवनभर सिकेका कुरा यसरी प्रयोग गर्न आमाले आग्रह गर्नु । | |

| | | | | |
|---|---|---|---|---|
| २७. | शीर्षक के हो ?<br>(पुस) | मधुसुदन घिमिरेद्वारा लिखित यस कथामा आफ्नो स्वार्थलाई हेरेर अरूलाई वित्थामा दु:ख दिन नहुने कुरालाई सन्दर्भित गरिएको । | **आदि-** ठट्यौली र भाइ गुइँठे बगैंचामा गई पुतली समाउन लाग्नु ।<br>**मध्य-** पुतलीले आफ्नो शरीर राम्रो देखेर छुँदा झुस आँखामा परे आँखा फुट्ने र माया गरेर समाउँदा सानो शरीर दु:ख्ने हुनाले नछोई हेरेर आनन्द लिन आग्रह गर्नु ।<br>**अन्त्य-** त्यसपछि उनीहरूले अरूलाई दु:ख नदिने प्रतीज्ञा गर्नु र त्यही गफ गर्दा गर्दै आमाले खाजा खाना बोलाउनु र घरतर्फ लाग्नु । | |
| २८. | रूखको विलौना<br>(माघ) | रत्न प्रजापतिद्वारा लिखित यस कथामा वन विनाशले सर्वनाश निम्त्याउने कुरालाई सङ्केत गरिएको। | **आदि-** रूखको फाइदाबारे सरको कुरा लिएर घर आउँदा बुबाले रूख काटेको देखी नकाट्न आग्रह गर्नु, रूखको फाइदा बताउँदा समेत नटेरी रूख काट्नु, बुबाले गाली गर्दा रुनु ।<br>**मध्य-** रूख काटेको देख्दा पहिरोको आशंका गर्नु, केही दिनपछि लगातार पानी परेर पहिरो जानु, गोठ पहिरोले लैजानु र छोरीसँग पश्चाताप गर्नु ।<br>**अन्त्य-** त्यत्तिखेरै उनीहरू रूखको बिरुवा लिन नर्सरीतिर लाग्नु । | |
| २९. | आशिर्वाद<br>(माघ) | बिमल भौकाजीद्वारा लिखित यस कथामा आशिर्वाद पनि अर्थयुक्त हुनु पर्ने कुरालाई सङ्केत गरिएको । | **आदि-** दसैंको दिन आमा बाबा, दाइ, दिदी र बब्लु टीका लगाउन थाल्नु, हजुरआमाले 'ठूलो हुनु' भनी आशिर्वाद दिनु ।<br>**मध्य-** ठूलो भनेको के हो ? भनी बब्लुले जिज्ञासा राख्नु, सबैले आफ्नो-आफ्नो तर्क राख्नु ।<br>**अन्त्य-** यसरी अर्थहीन आशीर्वाद अर्थहीन हुने हुनाले असल हुनु भन्नु र बब्लुले आफ्नो जित भएको महसुस गर्नु । | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | अक्कलेको रहर (माघ) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा बुद्धिमान बन्ने रहर पालेर मात्रै नभइ बुद्धि पनि हुनु पर्ने कुरालाई सङ्केत गरिएको । | **आदि-** मुर्ख अक्कले बुद्धिमान बन्ने रहर पाल्नु ।<br>**मध्य-** बुद्धिमान बन्ने रहरमा घोडाको पुच्छरमा खसी बाँधेर आफू घोडामाथि चढी सहरमा बेच्न हिँड्नु त्यसैबेला ठगहरूले घोडा र खसी ठग्नु ।<br>**अन्त्य-** आफू पुनः ठगिएको थाहा पाउनु, बद्धिमान बन्ने रहरले पुनः घोडा र खसी गुमाई गाउँ फर्किनु । | |
| ३१. | मङ्गलेको बानी (फागुन) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा 'लोभले लाभ, लाभले विलाप' भन्ने उखानलाई चरितार्थ गरिएको । | **आदि-** अरू बानी व्यवहार राम्रो भए पनि मङ्गले कञ्जुस हुनु, आवश्यक कुरामा समेत पैसा खर्च गर्न गाह्रो मान्नु ।<br>**मध्य-** बजारमा रासन लिन गएको मङ्गले कटहर बेच्ने पसलेलाई सोध्दा र सस्तो खोज्दै हिँड्दा घण्टौं हिँडेर रूखमा चढेर सित्तैमा खान खोज्नु, रूखबाट दुई ओटा कटहर लिएर झर्दा लड्नु र अस्पताल पुग्नु ।<br>**अन्त्य-** कटहरको मूल्य भन्दा बढी खर्च लाग्नु र यो सुनेर पश्चाताप गरी बानी सुधार्ने प्रण गर्नु । | |
| ३२. | सुनौलो स्याउको हाँगा (फागुन) | मूल लेखक पैराइक कालम र नेपाली अनुवादक रामविक्रम सिजापतीद्वारा लिखित यस कथामा गलत आदतले बर्बादीतिर लैजाने | **आदि-** एउटा राज्यमा राजा देखेर सबै खुशी हुनु, झुठो कुरालाई तुरुन्त विश्वास गरी महङ्गो मूल्य दिन तयार हुनु ।<br>**मध्य-** एउटा चटकीले सुनौलो स्याउको हाँगा देखाइ तिन चिज माग्नु र राजाले स्वीकार्नु, तिन चिजमा छोरी, छोरा र श्रीमती माग्नु, राजा दुःखी | |

| | | | | |
|---|---|---|---|---|
| | | कुरा गरिएको । | हुँदै दिनु, उराठ लागेर चटकी आउने बाटो हिँड्दा राजमहल जस्तोमा पुग्नु त्यहाँ आफ्नो परिवार हाँसेको देख्नु ।<br>**अन्त्य-** मान्छेको गलत आदतले बर्बादीतिर लाने कुरा चटकीले भन्दा माफी मागेर परिवार सहित राजा घर फर्की राज्यमा समझदार र इमान्दार मान्छेलाई सम्मान दिनु । | |
| ३३. | शीर्षक के हो ?<br>(फागुन) | लोकेन्द्र शाक्यद्वारा लिखित यस कथामा नयाँ र नवीनतम् कथा धारा अनि प्रस्तुतिगत नवीनताले कथालाई यथार्थ निकट पुऱ्याएको । | **आदि-** बाल कथा लेख्ने बाल कथाकार कथा लेख्ने विषय खोज्नु, कथा कहाँबाट सुरु गर्ने दोधार रहेको बेला दिमागमा छिमेकी मालतीको तस्बिर आउनु ।<br>**मध्य-** मालती घरकी एक्ली छोरी भए पनि बुबा आमा रिक्सा चलाउने र होटलमा भाँडा माझ्ने काम गर्नु, एक दिन आमा बुबाको झगडा पर्दा रिसमा आमाले ढोकाको आग्लोले हान्दा बुबाको मृत्यु हुनु र आमालाई पुलिसले लैजानु, मालती एक्लै हुनु ।<br>**अन्त्य-** मालती गैर सरकारी संस्थामा बसेर पढ्नु, कथा नटुङ्गीएको र मालतीलाई जसले भेटे पनि कथा थप्न सबैलाई कथाकारले आग्रह गर्नु । | |

| | | | | |
|---|---|---|---|---|
| ३४. | बुधवा बन्यो बाल साहित्यकार (चैत) | कृष्णराज सर्वहारीद्वारा लिखित यस कथामा ज्ञान जति बाँड्यो त्यति बढ्ने कुरालाई सङ्केत गरिएको । | **आदि-** तीक्ष्ण बुद्धिको थारू बुधवा उमेर बढ्दा परिवर्तन आउनु, आफूले जानेको कुरा अरूलाई भन्दा अरू जान्ने हुने ठानी केही नबोल्नु ।<br>**मध्य-** जोसँग पनि कम बोल्नु, झर्किनु, यस्तो बानीले सबै दुःखी हुनु, स्वर्गद्वारी घुम्न जाँदा उसले सपनामा ज्ञान नबाँड्दा आफूलाई नोक्सान हुने सपना देखी हजुरबासँग पश्चाताप गर्नु ।<br>**अन्त्य-** जानेको कुरा लेखेर राख्दा हेड सरले थाहा पाई मागेर प्रकाशन गरिदिँदा बुधवा बाल साहित्यकारका रूपमा समाजमा स्थापित हुनु । | |
| ३५. | हजुरबाको साथी (चैत) | पुष्पराज जोशीको कथा संवाद र पूर्ण रत्न बज्राचार्यको चित्र रहेको यस चित्र कथामा बाल बालिकाहरूलाई परीक्षामा सफल र ज्ञानी हुन सिकाइएको। | **आदि-** सधैं रमाइलो गर्ने सौरभ जाँचमा डराउनु र हजुरबाले उपाय लगाउनु ।<br>**मध्य-** हजुरबाको साथीले धेरै नम्बर ल्याउने एउटा कापी दिनु र त्यसमा लेखिएको कुरा सौरभले लागु गर्नु, अङ्क धेरै ल्याउनु तर प्रथम नभएको गुनासो गर्दा क्षमता भन्दा बढी आश नगर्न आग्रह गर्नु ।<br>**अन्त्य-** हजुरबाको साथी आफ्नै बुबा भएको थाहा पाएर छक्क पर्नु । | |
| ३६. | महेशको खुलदुली (चैत) | नवीन तिम्सिनाद्वारा लिखित यस कथामा बालबालिकाहरूलाई विज्ञान र प्रविधिप्रति उत्सुक र कौतुहल बनाइएको । | **आदि-** महेशलाई आज बुबाले कम्प्युटर किन्ने कुराले पढ्न मन नलाग्नु, प्रकाश सरले सोध्दा कम्प्युटरबारे केही बताउनु ।<br>**मध्य-** आफूलाई कम्प्युटर दाइले सिकाइ दिएको, कम्प्युटरको पार्ट पुर्जाबारे बताउनु, कम्प्युटरको काम बारे पनि चर्चा गर्नु, कुरा खेलाउँदै घर आउनु ।<br>**अन्त्य-** घरमा पस्ने बित्तिकै बुबा खै भनी सोध्दा आमाले सहरबाट नआएको बताएपछि निराश हुँदै कोठामा पस्दा कम्प्युटर देख्दा खुसीले चिच्याउनु र कम्प्युटर चलाउन बुबाको प्रतीक्षामा बस्नु । | |

उपर्युक्त बाल  कथाहरूमा बाल बालिकाहरूलाई मन पर्ने कथानक समावेश गरिएको छ । यी कथाहरूमा कथानकको आदि, मध्य र अन्त्यको क्रम पाइन्छ। यी बाल कथाहरूमा कथानकको सफल प्रयोग भएको पाइन्छ । फरक-फरक कथानकहरूको मिश्रण गरिएको छ र यी बाल कथाहरूको कथानकले बाल बालिकाहरूलाई मनोरञ्जन, कौतूहलता र शिक्षा समेत प्रदान गर्दछ ।

### *३.१.२. पात्र*

२०६७ साल बैशाखदेखि चैत्रसम्म बाह्र महिनाको अङ्कमा प्रकाशित प्रत्येक महिनाको तिन/तिन ओटा कथाका दरले छत्तिस ओटा बाल कथाहको पात्रहरूलाई भूमिकाको आधारमा प्रमुख, सहायक र गौण रूपमा यस प्रकार दिइएको छ :-

| **क.सं.** | **बाल कथाको शीर्षक र प्रकाशित अङ्क** | **पात्र** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **प्रमुख** | **सहायक** | **गौण** | |
| १. | जामुनेको प्रगति (बैशाख) | जामुने | रतनलाल, हेड सर | सर र आमा | |
| २. | चतुरेको जुक्ति (बैशाख) | चतुरे | चतुरेकी पत्नी, गाउँले, जेठा | पुलिस र चोरहरू | |
| ३. | रमाको औंठी (बैशाख) | रमा | बुबा, आमा, औंठी | दिदी, साथीहरू | |
| ४. | भरे के खाने ? (जेठ) | राते स्याल | सेते खरायो, काले भालु रङ्गी चङ्गी मुजुर | | |
| ५. | मनचिन्ते रूख (जेठ) | रामे, श्यामे र हरि | मनचिन्ते रूख | गाउँले, श्यामेकी पत्नी | |
| ६. | चतुरेको चर्तिकला (जेठ) | चतुरे | पोमु सर, मामा | जाजरकोटका बासिन्दा र नेपालगञ्जबासीहरू | |
| ७. | पैसा नै सबथोक होइन (असार) | अरूण | आमा | अरूणको घरमा भाडामा बस्ने मान्छे, होटलवाला | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | होच्याउन खोज्दा (असार) | गोनु झा | पल्टु र राजा | सबै भारदारहरू | |
| ९. | बाह्रो बर्डिवा (असार) | तिन जना बर्डिवाहरू | अन्य सात जना बर्डिवाहरू | बर्दियाबासी, गाईबस्तु आदि | |
| १०. | चतुरेको चतुरता (साउन) | चतुरे र राजा | प्रमुख सल्लाहकार र भारदारहरू | | |
| ११. | शीर्षक के हो ? (साउन) | फुर्के माइलो | बुबा, शिक्षक, ठूलाबडा गाउँले, माछा आदि | फुर्केका साथीहरू, गाउँले | |
| १२. | मेरो साथी पुतली (साउन) | जिज्ञासु | आमा (सरिता), पुतली | | |
| १३. | शीर्षक के हो ? (भदौ) | साधु र बालक | बालकको आमा, गाउँलेहरू | | |
| १४. | आमा र छोरा (भदौ) | सौरभ | सौरभकी आमा | | |
| १५. | बुद्धिको चमत्कार (भदौ) | छट्टु स्याल | अन्य स्यालहरू, गाउँलेहरू | सिंह, कुखुरा, कुकुर आदि | |
| १६. | भँगेराको गुँड (असोज) | भँगेरा | भँगेराका बचेराहरू, किसान | छिमेकी र साथीहरू | |
| १७. | शीर्षक के हो ? (असोज) | स्याल र हात्ती | गाउँलेहरू | कुखुरा, हाँस | |
| १८. | भविष्यवाणी (असोज) | ऊगो-दा-सान्ता-सोफिया | काराबोतो | गधा, डलफिन, भाले | |
| १९. | मङ्गले (कात्तिक) | मङ्गले, | आमा र साथीहरू | पाहुना, शिक्षक | |
| २०. | शीर्षक के हो ? (कात्तिक) | मैना, | बुबा, आमा, भाइ, बहिनी | अभिभावक गाउँले | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | अभिभाकको कर्तव्य (कात्तिक) | सोम शर्मा र सुपल्ब | शिखाश्री | शिक्षक, सुपल्बका साथीहरू | |
| २२. | कञ्जुस राजा (मङ्सिर) | राजा | चतुरे, मन्त्रीहरू, भाइ-भारदारहरू | राजाको पिता | |
| २३. | शीर्षक के हो ? (मङ्सिर) | रोशन | रोशनको बुवा, डाक्टर | बुबा, शिक्षक | |
| २४. | रङ्गीन माछा (मङ्सिर) | रमेश | रमेशको बुबा, साथीहरू | आमा, गाउँलेहरू | |
